# ज्वालामूखी गाउँपालिकाको
# आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम
## पास भएको मितिः २०८१/०३/०९ गते

यस ज्वालामूखी गाउँपालिकाको गरिमामय गाउँसभाको (तेह्रौ अधिवेशन) मा उपस्थित गाउँपालिकाका उपाध्यक्ष ज्यू, निवर्तमान अध्यक्ष ज्यू, निवर्तमान उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, गाउँकार्यपालिकाका सदस्य ज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सम्पूर्ण कर्मचारी साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस गाउँसभा सफल बनाउन र यसको गरिमालाई बढाउन पाल्नु हुने सबै पेशा, वर्ग, सेवा र समूहमा आवद्ध सम्पूर्ण अतिथि महानुभावहरुमा म यस गाउँपालिकाको जन निर्वाचित अध्यक्ष र गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एवम् आभार व्यक्त गर्न चाहन्छु।

वि.सं. २०७९ साल वैशाखमा स्थानीय तहको निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरुले कार्यभार सम्हालेको पनि २ वर्ष अवधि पूरा भएको छ । यस अवसरमा ज्वालामूखी गाउँपालिकाको गाउँसभाको तेह्रौं अधिवेशनलाई सम्बोधन गर्न पाउँदा आफुलाई गौरवान्वित महसुस गरेको छु ।

मुलुकमा राष्ट्रिय एकता, सार्वभौमसत्ता, समानुपातिक समावेशीता सहितको संघीय लोकतान्तिक गणतन्त्रतात्मक व्यवस्था स्थापना गर्न २००७ सालको क्रान्ति, २०४६ साल र २०६२/०६३ को जनआन्दोलन, सशस्त्र द्वन्द, मधेश आन्दोलन लगायतका विभिन्न काल खण्डमा भएका राजनीतिक आन्दोलनमा आफ्नो जीवनको आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै वेपत्ता, घाईते, अपाङ्गता भएका एवम् विभिन्न आन्दोलनमा नेतृत्व गर्नुहुने सबै प्रति उच्च सम्मान व्यक्त गर्दछु।

धादिङ जिल्लाको मध्य भागमा अवस्थित यो गाउँपालिकाले विकासका विविध सम्भावना बोकेको छ । बेंशीदेखि पहाडसम्मको सबै प्रकारको प्राकृतिक

विविधता बोकेको यस गाउँपालिका क्षेत्रमा कृषि र पर्यटनलाई नमुनाको रुपमा विकास गरी समग्र गाउँको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा उल्लेखनीय योगदान हुने सम्भावना देखिन्छ, जिल्ला सदरमुकामसँग जोडिएको यस गाउँपालिका क्षेत्र भित्रको कुनै पनि भू-भाग विकट अवस्थामा रहेको छैन । नेपालको राष्ट्रिय गौरवको अत्याधुनिक जलाशययुक्त बुढीगण्डकी जलविद्युत आयोजनाको सबैभन्दा बढी प्रभावित क्षेत्र यसै गाउँपालिका क्षेत्रभित्र पर्दछ । यहाँबाट उक्त जलाशय र उत्तर तर्फको मनोरम गणेश हिमाल, बुढीगण्डकी र नेत्रावती नदीको मध्य भागमा अवस्थित विशाल मनमोहक सल्यानटार फाँट, राष्ट्रिय विभुती भिमसेन थापाले लगाएको बुङ्कोटघाट बगैचा लगायत अन्य विभिन्न हिमश्रृंखला अवलोकन गर्नुका साथै दक्षिण महाभारत लेकको हरियाली दृश्य अवलोकनको लागि समेत उपयुक्त स्थान रहेको छ । गाउँपालिकाको सामिप्यमा रहेका नेत्रावती र बुढीगण्डकीको अविरल बहावका कारण बुढीगण्डकीको सौन्दर्यता, चरन क्षेत्र र टारहरुको मनमोहक दृश्य तथा संस्कृतिक रुपमा रहेका जलमूखीमाई, ढोला मण्डली, पृथ्वीनारायण शाहको व्रतवन्ध गरिएको खड्कदेवी मन्दिर (मैदी कोट), खरि कोट, अनकन्या मन्दिर (चैनपुर कोट) जस्ता धार्मिक, साँस्कृतिक पुरातात्विक एवम् पर्यटकीय प्रचुर सम्भावना बोकेका क्षेत्रको विकासको माध्यमबाट गाउँपालिकामा पर्यटन, आर्थिक, सामाजिक, तथा पूर्वाधार विकास गर्न सकिने प्रवल सम्भावनाहरु रहेका छन् । हामीसँग भएको सिमित श्रोत र साधनलाई आवश्यकताको आधारमा दिगो तथा समुचित परिचालन गरी अपेक्षित सामाजिक तथा आर्थिक विकास गर्नु परेकोछ । यद्यपि उपलब्ध स्रोत साधनको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोँच, दृढ संकल्प र सामूहिक ईच्छा शक्तिका साथ अघि बढेमा हामीले कल्पना गरेको समृद्ध ज्वालामूखी निर्माण गर्न सुदुर भविष्य पर्खनु पर्नेछैन।

हाम्रा चाहना र आवश्यकताहरु असिमित छन्, तर स्रोत र साधन सिमित छ। सिमित स्रोत र साधनको न्यायोचित वितरण तथा अधिकतम् प्रयोगबाट समग्र

गाउँपालिका क्षेत्रका आम नागरिकको विकास र परिवर्तनको चाहनालाई सम्बोधन गर्न प्रयास गरिने छ । सिमित स्रोत र साधनलाई विनियोजन गर्दा प्राथमिकताका आधारमा योजना छनौट गरी समूदायको अधिकतम जनसहभागिता, सहकार्य तथा सामुहिक हित र साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने अहिलेको टड्कारो आवश्यकता र यथार्थ हो ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

**अव म यस सम्मानित सभामा चालू आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रमको हाल सम्मको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

- गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि निशुल्क जग्गा उपलव्ध भई गाउँपालिकाको नाममा आएकोछ ।
- ज्वालामूखी गाउँपालिकाको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) अन्तिम चरणमा पुगेकोले सोही बमोजिम कर्मचारी व्यवस्थापन गरी सवल, चुस्त र सक्षम सार्वजनिक सेवा प्रवाह गरिनेछ ।
- गाउँपालिका र वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकासको लागि कर्मचारीहरुको क्षमता विकास कार्यक्रम सम्पन्न गरिएको छ।
- एकीकृत घुम्ती सेवा मार्फत् नागरिकलाई गाउँपालिकाबाट प्रदान गरिने सबै किसिमका सेवाहरु वडा कार्यालय अन्तर्गतका विभिन्न स्थानबाट सार्वजनिक सेवा उपलव्ध गराईएको छ ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना तथा कार्यक्रम सम्झौता तथा फछ्यौंट सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ।
- गाउँपालिकाको दोस्रो आवधिक योजना निर्माण अन्तिम चरणमा रहेको छ ।
- गाउँपालिकाको एकीकृत तथ्याङ्क पार्श्वचित्र निर्माण कार्य सम्पन्न भएकाले प्रतिवेदन तयार भए पश्चात यसलाई पूर्णरुपमा लागु गरिनेछ।

- गाउँपालिकाको सुशासनको लागि आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि-२०८१ निर्माणको अन्तिम चरणमा रहेको छ।
- गाउँपालिकाको विधायन समितिको सिफारिसमा चालू आ.व. मा १२ वटा ऐन, कार्यविधि, मापदण्ड र निर्देशिका निर्माण भैसकेको छ ।
- कृषि प्रबर्द्धन कार्यक्रम अन्तर्गत धानको बीउ बिजन बितरण र कफिको बेर्ना बितरण गरिएको छ ।
- कृषि विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको प्राबिधिक सहयोगमा ७ वटै वडाको माटो परिक्षण गरि माटो तथा मल परिक्षण प्रयोगशाला सिविर सञ्चालन गरिएको छ ।
- प्रदेश सरकारसंग समन्वय गरि एक वडा एक कृषि उत्पादन कार्यक्रम माग गरिएकोमा वडा नं. ५ मा सुन्तला खेतीको लागि छनौट भएकाले आगामी आ.व. मा कार्यान्वयन हुनेछ ।
- पशुपंक्षीहरुको बीमा कार्यक्रम संचालन भई ६३० पशुपंक्षीहरुको वीमा भएको साथै पशु ल्याव समेत संचालनमा आएकोछ ।
- पशुपंक्षीहरुको लागि निशुल्क औषधी वितरण तथा परामर्श सेवा कार्यक्रम संचालन भएको छ।साथै कृतिम गर्भाधान कार्यक्रम संचालन भएको छ ।
- पशु आहार कार्यक्रम अन्तर्गत घाँसको वीउँ तथा बेर्ना वितरण कार्यक्रम संचालन भएको छ ।
- गाउँपालिका क्षेत्रभित्र निश्कृय रुपमा रहेका ६ वटा सहकारी संस्थाहरु खारेजी गरिएको छ ।
- साना तथा घरेलु उद्योगहरुको प्रवर्द्धन कार्यक्रम अन्तर्गत दुना टपरी उद्योग, अचार बनाउने उद्योग, ढाका बुनाई उद्योगहरु संचालन भएका छन् ।

- गाउँपालिका क्षेत्रभित्रका व्यापार व्यवसायलाई दर्ता तथा नवीकरण गरि करको दायरामा अनिवार्य ल्याउने उद्देश्येले चालू आ.व.मा अर्धवार्षिक रुपमा वजार अनुगमन गरिएको छ ।
- गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरुको विकास निर्माण, संरक्षण, सम्वर्द्धन र प्रचार प्रसार गर्नको लागि महोत्सव तथा जात्रा सम्पन्न गरिएकोछ।
- युवाहरुलाई उद्यमशीलता बनाउने उद्देश्येले राष्ट्रिय युवा परिषद् र गाउँपालिकाको साझेदारीमा युवा उद्यमीहरुका लागि उद्यमशीलता सम्वन्धी तालिम सम्पन्न गरिएकोछ ।
- सामुदायिक विद्यालयहरुमा अध्ययनरत विधार्थीहरुलाई कृषि पेशा प्रति आकर्षण बढाउन विद्यालय करेसावारी कार्यक्रम संचालन गरिएको छ ।
- दलित, अपाङ्गता भएका र आर्थिक रुपमा विपन्न समुदायका छात्रछात्रालाई छात्रवृति प्रदान गरिने र कक्षा ११–१२ मा अध्ययनरत सम्पुर्ण विद्यार्थीहरुको लागि पुर्ण छात्रवृत्ति प्रदान गरिएकोछ ।
- गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा “सिकाई तथा शैक्षिक मेला” आयोजना सम्पन्न भएको छ।
- सामुदायिक विद्यालयका कक्षा ९ देखी १२ सम्मका विद्यार्थीहरुलाई करियर काउन्सिलिङ तथा मोटिभेसन कार्यक्रम सञ्चालन गरिएको छ ।
- गाउँपालिका क्षेत्रभित्रका ३ वटा मा. वि. मा सिक्दै कमाउँदै कमाउँदै सिक्दै र पढाई सँगै सिप कार्यक्रम सञ्चालन भएको छ ।
- हरेक वडामा कम्तीमा एक विद्यालयलाई नमूना प्रारम्भिक वाल विकास कार्यक्रम अन्तर्गत विद्यार्थी संख्या कम भएका विद्यालयमा एल.के.जी कक्षा सञ्चालन भएको छ ।

- विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित बनाइ पोषणयुक्त खाजा खुवाउन विद्यालयलाई उत्प्रेरित गरी जंक फुडको प्रयोग निषेध गर्ने कार्यक्रम संचालन गरिएको छ ।
- सामुदायिक विद्यालयका शिक्षकहरु प्रसुती बिदामा रहेको समयमा शैक्षिक क्षति हुन नदिन सट्टा शिक्षकको व्यवस्था गरिएको छ । साथै दैनिक पाठ योजना तथा वार्षिक शैक्षिक योजना अनिवार्य र शिक्षक विधार्थी लग बुक को समेत अनिवार्य व्यवस्था गरिएको छ ।
- गाउँपालिका क्षेत्रभित्रका विषयगत शिक्षकहरुको रोष्टर तयार गर्ने, विषयगत तालिम, नमूना विद्यालय भ्रमण, उत्कृष्ट शिक्षक पुरस्कार, सूचना प्रविधिसँग जोड्ने व्यवस्था र निवृत शिक्षकहरुलाई सम्मान कार्यक्रमको थालनी गरिएको छ ।
- माध्यमिक तह सम्मको शिक्षालाई अनिवार्य तथा निशुल्क शिक्षा लागू भएको स्थानीय तह घोषणा गरिएको छ।
- गाउँपालिकाको पञ्चबर्षिय शिक्षा योजना अन्तिम चरणमा पुगेको छ, विद्यालय समायोजन तथा दरबन्दी मिलान गरिएको छ र तहगत प्र.अ. व्यवस्थापनको लागि आवश्यक मापदण्ड, कार्यविधि निर्माण भैरहेको छ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार अन्तर्गत हरेक शुक्रबार विद्यालयमा अतिरिक्त क्रियाकलाप गरिने र त्यसको लागि "नो ब्याग, नो बुक" कार्यक्रमको सुरुवात गरिएको छ ।
- गाउँपालिका क्षेत्रभित्रका २२ वटा विद्यालयमा "बहु कक्षा बहु स्तर सिकाइ पद्धती" लागु गरिएको छ।
- सामुदायिक विद्यालयहरुमा स्थानीय पाठ्यक्रम निर्माण गरि पठनपाठन संचालन गरिएको छ।

- युवाहरुका लागि स्वरोजगारमूलक सीप तथा क्षमता विकास तथा उद्यमशीलता सम्वन्धी कार्यक्रम अन्तर्गत GYB/SYB उद्दमशीलता तथा वित्तिय साक्षरता तालिम सञ्चालन गरी ३५ जना युवाहरुको लागि व्यवसायिक योजना तयार गर्न सक्षम बनाइएको छ ।
- खेलकुद कार्यक्रम अन्तर्गत अध्यक्ष कप फुटवल प्रतियोगीता, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता, गाउँपालिका स्तरीय फुलवल टिम तयार गरि वाका कपमा सहभागीता, वडा नं. ३ मा भलिवल प्रतियोगीता, वडा नं. ७ मा फुलवल प्रतियोगीता जस्ता खेलकुद कार्यक्रम सम्पन्न भएको छ ।
- स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु, गरिव घर परिचयपत्र र अपांगता भएका व्यक्तिलाई निःशुल्क स्वास्थ्य वीमा गरिएकोछ ।
- **"कोख देखि शोक सम्म ज्वालामूखी सरकार"** कार्यक्रम अन्तर्गत गर्भवती सुत्केरीलाई निःशुल्क एम्वुलेन्स र अध्यक्ष सुत्केरी पोषण कार्यक्रम संचालन भएकोछ ।
- स्वास्थ्य संस्थालाई सूचना प्रविधि मैत्री बनाउन पेपरलेस सेवा शुरु गरि अभिलेख तथा प्रतिवेदन सुधार वर्षको रुपमा मनाइएको छ ।
- छोरी विमा कार्यक्रम अन्तर्गत ३५ दिन भित्र जन्मदर्ता भएका छोरीहरुका लागि रु. एक लाखको जीवन विमा गरिएको छ ।
- सफा र स्वच्छ गाउँ बनाउने अभियान अन्तर्गत १२ वटा टोलका २२ प्रतिशत घरधुरीहरुलाई तोकिएको मापदण्ड अनुसार सफा र स्वच्छ गाउँ घोषणा गरिएको छ।

- पोषणमैत्री स्वास्थ्य संस्था र पोषणमैत्री स्थानीय तह बनाउन जन्मेदेखी २ वर्ष सम्म मासिक रुपमा वृद्धि अनुगमन गरे वापत एक प्याकेट आयोडिन युक्त धुलो नुन दिई प्रोत्साहन गरिएको छ ।
- पूर्ण खोप सुनिश्चितता र दिगोपनाको कार्य अन्तर्गत बैशाख १४ गते पूर्ण खोप सुनिश्चितता र दिगोपना घोषणा गरिएको छ।
- कडा रोग लागेका भनी आधिकारिक चिकित्सकवाट प्रमाणित भएका विरामीलाई यस वर्ष ५० जना गम्भिर रोगका विरामीहरुलाई उपचार सहयोग वापत रु. १० हजारका दरले वितरण गरिएको छ ।
- **"स्वस्थ नागरिकः घरमै स्वास्थ्य सेवा"** अन्तर्गत नियमित रुपमा ३० वर्ष नाघेका स्वस्थ नागरिकहरु, अपांगता भएका र ज्येष्ठ नागरिकहरुलाई नसर्ने रोगको नियमित स्क्रिनिङ तथा परीक्षण गरिएको छ ।
- **"मेरो स्वास्थ्यः म स्वस्थ मेरो गाउँ स्वस्थ"** अभियान संचालनको लागि नियमित रुपमा समुदायस्तरमा सामुदायिक स्वास्थ्य सहजकर्ताहरुवाट परीक्षण तथा परामर्श गरिएको ।
- नसर्ने रोगीहरुको प्रोफाईल तयार गरि मधुमेह तथा उच्च रक्तचापको औषधीहरु निःशुल्क वितरण गरिएको छ ।
- प्रत्येक वडामा विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरि सेवाको पहुँच वढाइएको छ ।
- नमुना आमा सुरक्षा कार्यक्रम कार्यान्वयनमा आइ घरमा सुत्केरी शून्यको अवस्थामा रहेको छ।
- स्वास्थ्य चौकीको गुणस्तर सुधारको लागि कमी कमजोरी पहिचान गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयवाट तयार गरिएको न्यूनतम सेवा मापदण्ड

बमोजिमका सूचकहरु पुरा गरि ४ वटै स्वास्थ्य चौकीहरु उत्कृष्ट (हरियो रङ) भएको छ।

- ज्वालामूखी ग्रामीण खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन वोर्ड स्थापना भई गाउँपालिका क्षेत्रभित्रका खानेपानी आयोजनाहरु बोर्डमा आवद्ध हुने कार्य भैरहेको छ । साथै बोर्ड मार्फत नै गाउँपालिका क्षेत्रभित्रको सबै खानेपानी आयोजनाहरु निर्माण तथा मर्मत सम्हार कार्य भैरहेको छ ।
- ज्वालामूखी ग्रामीण खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन वोर्ड मार्फत गुणस्तरिय र सुरक्षित खानेपानीको प्रत्याभुति गर्नको लागि खानेपानी ल्याव संचालनमा आएको छ ।
- चालू आ.व. मा हुलाकभञ्ज्याङ-चैनपुर-बुङ्कोटघाट बाङ्गेरह सडक, साधभञ्ज्याङ खरी बुङ्कोटघाट सडक खण्ड, ससाह-अमराई सडक कालोपत्रे हुने क्रम सुरु भैसकेको छ । साथै साधभञ्ज्याङ ढोला मैदी सडक स्तरोन्नती हुने कार्य भैरहेकोछ ।
- चालू आ.व. २०८०/०८१ मा संघीय सरकार र बागमती प्रदेश सरकारवाट यस गाउँपालिका क्षेत्रभित्र विनियोजन भएका अधिकांश योजना तथा कार्यक्रमहरु सम्पन्न भईसकेको र वाँकी योजना तथा कार्यक्रहरु सम्पन्न हुने अन्तिम चरणमा रहेको छ ।
- गाउँपालिकालाई सफा र स्वच्छगाउँ वनाउने कार्यक्रम अन्तर्गत १२ वटा टोलहरुलाई तोकिएको सूचकहरु पुरा गरेको आधारमा **नमुना सफा र स्वच्छ गाउँ** घोषणा गरिएको छ ।
- अस्वस्थकर खाना नियन्त्रणको लागि जंक फुड निषेध अभियान अन्तर्गत सबै सामुदायिक विद्यालयहरुमा ३ च (चाउँचाउ, चकलेट र चुईगम) बन्द अभियान कार्यक्रम कार्यान्वयन गरिएको छ।

- स्वास्थ्य चौकीहरुमा इलेक्ट्रोनिक हेल्थ रेकर्ड सिस्टम (EHRS) कार्यान्वनको क्रममा E-Lab संचालन गरिएको छ ।
- गाउँपालिकामा ग्रामीण आँखा केन्द्र स्थापना गरि निश्चित प्रतिशत छुट गरी सस्तो र सुलब रुपमा आँखा उपचारलाई सहज बनाईएको छ ।
- गाउँपालिकामा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरि आयुर्वेद उपचार सम्वन्धी सेवाको पहुँच विस्तार गरिएकोछ ।
- गाउँपालिका क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरुको लागि तथ्याङ्क संकलन गर्न Software तयार गरि सहज तरिकाले परिचय-पत्र वितरण गर्नको लागि अपाङ्गताको प्रोफाइल निर्माण गरिएको छ ।
- ज्येष्ठ नागरिक लक्षित कार्यक्रम अन्तर्गत वडा नं. १, २, ३ मा ३०० ज्येष्ठ नागरिकलाई झुल र लौरो वितरण भएको र ५ र ७ मा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिएको छ ।
- लोक सेवा तयारी कक्षा संचालन कार्यक्रम अन्तर्गत नेपाल सरकारको ना.सु/सहायक पाँचौ र खरिदार/सहायक चौथो तहको लोक सेवा तयारी कक्षा संचालन गरिएको छ ।
- सशस्त्र प्रहरीबल नेपाल, विपद् व्यवस्थापन तालिम केन्द्र कुरिनटारको प्राविधिक सहयोग र ज्वालामूखी गाउँपालिकाको आर्थिक सहयोगमा ३३ जना लाई समुदायमा आधारित विपद् व्यवस्थापन सम्वन्धी ३ दिने तालिम सम्पन्न गरिएको छ ।
- गाउँपालिकाको राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) बमोजिम राजस्वका क्षेत्रहरुको पहिचान गरी राजस्व अभिवृद्धि गर्न राजस्व सुधार कार्ययोजना निर्माण कार्य सम्पन्न गरिएको छ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

१. यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम ज्वालामूखी गाउँपालिकाले परिकल्पना गरेको **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः समृद्ध ज्वालामूखीको मूल आधार"** भन्ने दीर्घकालीन सोँच समेतका आधारमा आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछाडि परेका/पारिएका समुदायहरुलाई उच्च प्राथमिकतामा राख्दै आम गाउँपालिकाबासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी तयार पारिएको छ।

२. ज्वालामूखी सरकारले गाउँपालिकाको समग्र विकास तथा सेवा प्रवाहको लागि नवीन र रुपान्तरणकारी योजना तथा कार्यक्रम संचालन गर्नु आजको आवश्यकता हो । नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४, संघ, प्रदेश तथा स्थानीय सरकारको आवधिक योजना, दिगो विकासको लक्ष, विभिन्न राजनीतिक दलहरुको घोषणा पत्र, संघीय सरकार र बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम लगायत गाउँपालिकाको सम्पूर्ण राजनीतिक दल, सहकारी संस्था, विषय विज्ञहरु, नागरिक समाज, गै.स.स, सरोकारवाला पक्षहरु लगायतको सुझाव समेतको आधारमा सवल, सुशासनयुक्त र आत्मानिर्भर बनाई उत्पादन र उत्पादकत्व अभिवृद्धिको माध्यमवाट आर्थिक एवम् सामाजिक रुपान्तरण गर्न विकास उन्मुख तथा प्रविधिमैत्री गाउँपालिका बनाउने संकल्पका साथ आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

३. गाउँपालिकाबाट प्रवाह गरिने सेवा प्रवाहको प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक कानूनहरु (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, दिग्दर्शन र आचारसंहिता आदि), दीर्घकालीन, आवधिक र विषय क्षेत्रगत

योजना, आयोजना बैंक, राजस्व सुधार कार्ययोजना, गुरुयोजना तथा नीतिहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

४. संविधान प्रदत्त अधिकारहरुको प्रभावकारी कार्यान्वयन मार्फत् स्थानीय सरकारको भूमिकालाई थप प्रभावकारी वनाउन संघीय सरकार तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यलाई मजवुत बनाईनेछ ।

५. आत्मानिर्भर, दिगोविकास र सामाजिक न्यायको माध्यमवाट ज्वालामूखी गाउँपालिकाको उद्देश्यलाई प्राप्त गर्न जोड दिईनेछ ।

६. विकास तथा पुँजी निर्माण, उत्पादकत्व र उत्पादन अभिवृद्धि तथा रोजगारीको अवसर सृजनाको लागि नीति केन्द्रित हुनेछ ।

७. सार्वजनिक खर्चमा मितव्यायिता, स्रोत साधन परिचालनमा दक्षता र विनियोजन कुशलता अभिवृद्धि गरि वजेटको परिणाममूखी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

८. सूचना प्रविधिको प्रयोग गरि सार्वजनिक सेवालाई प्रविधिमैत्री, पारदर्शी, प्रभावकारी र सरलिकृत बनाईनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

अव म यस गाउँपालिकाको आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस गाउँपालिकाको वार्षिक गाउँ विकास योजनाको दिर्घकालीन सोँच, लक्ष्य र उद्देश्यको बारेमा छोटो प्रस्तुत गर्न चाहान्छु ।

**गाउँपालिकाको दीर्घकालिन सोँचः "शिक्षा, स्वास्थ्य, कृषि , पर्यटन र पूर्वाधार–समृद्ध ज्वालामूखीको मूल आधार" रहेको छ ।**

लक्ष्यः गाउँपालिकाको सामाजिक, आर्थिक, मानविय विकासमा अभिवृद्धि भई गाउँबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ ।

उद्देश्यः गाउँपालिकाको सामाजिक, आर्थिक, मानवीय विकास, संस्थागत विकास, सेवा प्रवाह, सुशासन, समावेशी तथा गुणस्तरीय र वातावरणीय रुपमा सन्तुलित भई गाउँवासीको जीवनयापन गतिशील तथा सुरक्षित भएको हुनेछ ।

गाउँसभाका सदस्य ज्यूहरु,

अव म आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रममा भएका प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- पूर्वाधार विकास
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- कृषिमा आधुनिकीकरण र व्यवसायीकरणमा जोड
- उत्पादन र उत्पादकत्वमा अभिवृद्धि
- सुशासन
- सर्वसुलव र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह
- खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन
- आन्तरिक रोजगार प्रवर्द्धनमा जोड
- वातावरण र दिगो विकास
- लैंगिक तथा सामाजिक समावेशीकरण
- सूचना प्रविधिमा आधारित सेवा प्रवाह
- विपद् व्यवस्थापन, उद्धार, राहात र पुनस्थापना

गाउँसभाका सदस्य ज्यूहरु,

अव म आर्थिक विकास क्षेत्रका नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

<u>कृषि विकास नीति</u>

९. गाउँपालिका क्षेत्रभित्र कृषिलाई व्यवसायिकरण गरि गाउँपालिकालाई खाद्यन्न, तरकारी, फलफुल, पशुजन्य वस्तुमा आत्मानिर्भर बनाउँदै गाउँपालिका क्षेत्रभित्र उत्पादन र उत्पादकत्व वृद्धि गर्न खण्डीकृत जग्गालाई चक्लाबन्दी गरि व्यवसायिक कृषि पकेट क्षेत्र कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ।

१०. गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने कृषि जन्य उत्पादनलाई प्रोत्साहन गर्न **"उत्पादन साथमा अनुदान हातमा"** - उत्पादनको आधारमा कृषि अनुदान प्रणाली लागू गरिनेछ ।

११. गाउँपालिका क्षेत्रभित्र बाझो जग्गाको लगत संकलन गरि करार र सामूहिक कृषि प्रणालीको विकास गरि कृषि तथा पशुपंक्षीजन्य उत्पादन वृद्धि गर्न **"वडाहरुलाई पकेट क्षेत्र"** घोषणा गरि कार्यक्रम संचालन गरिनेछ ।

१२. दिगो अर्थतन्त्रको विकासका लागि गाउँपालिकामा **"एक घर एक करेसावारी"** को नीतिलाई लागू गरिनेछ भने गाउँपालिकाको विशेष पहिचान बोकेको उत्पादनको खोजी गरी सो को वजारीकरण गर्दै यसका उत्पादनहरुलाई अझ गुणस्तरीयता प्रदान गर्न विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था, सहकारी तथा निजी क्षेत्रसँगको सहकार्यलाई अगाडि बढाइने छ। यसको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

१३. गाउँपालिका क्षेत्रभित्र उत्पादित कृषि जन्य वस्तुहरु कृषक समूह वा सहकारी मार्फत संकलन गरी कृषि वजारीकरणको लागि **कृषि एम्बुलेन्स सेवा** संचालन गर्ने, व्यवसायिक फलफुल खेतीको लागि पकेट क्षेत्र हेरि

आधुनिक नर्सरी स्थापना गरि समुदायमा आधारित फलफुल विकास कार्यक्रमको व्यवस्था मिलाईनेछ ।

१४. **"एक टोल एक सामुदायिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन क्षेत्र"** नीति मार्फत आमानिर्भर स्थानीय तह घोषणाको लागि आवश्यक योजना तयार गरिनेछ ।

१५. माटोको स्वच्छता कायम गर्नको लागि प्राङ्गारिक मलको उपयोगलाई प्रोत्साहन गरिनेछ। साथै जैविक रसादीको प्रयोग लाई समेत प्रोत्साहन गर्ने र गाउँपालिका क्षेत्रभित्र उत्पादित स्थानीय कृषि तथा पशुजन्य उत्पादनको वजारीकरणको लागि **हाट वजार तथा कृषि मेला संचालन** गर्ने नीति लिईनेछ।

१६. **"रैथानेमा गर्व गरौं"** रैथाने जातका वालीको पहिचान, प्रयोग, संरक्षण र प्रवर्द्धन गर्दै उत्पादन, उपभोग र वजारीकरणलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१७. माटोको उर्वरा शक्ति र उत्पादनमा वृद्धि गर्न खेती योग्य जमिनको माटो परिक्षण गरिएकोले माटोको गुणस्तर सुधारको लागि प्राङगारिक मल तथा कृषि चुनको प्रयोगको लागि कृषकहरुलाई प्रोत्साहन गर्ने र खाद्यान्न बालीको क्षेत्र विस्तार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै किसानलाई आत्मनिर्भर बनाउनको लागि खाद्यान्न बालीको वीउ वितरण कार्यक्रम सञ्चालनलाई निरन्तरता गरिने छ।

१८. गाउँपालिकाकाका सबै वडाहरूमा विरूवा उत्पादनका लागि १/१ वटा हाईटेक ग्रिन हाउस निर्माण गरिकाले आवश्यक पर्ने विरूवा उत्पादन गरि किसानलाई वितरण गरिने छ। साथै पालिका स्तरिय नर्सरी निर्माणको लागि विशेष व्यवस्था गरिनेछ ।

१९. रासायनिक विषादिको प्रयोगको असर बारे जनस्तर सम्म जनचेतना जगाउनको लागि विद्यालय र सार्वजनिक स्थलहरूमा विषादीको असरबारे ब्यानर बनाई टासँ गरिने छ र रासायनिक विषादिको प्रयोगलाई न्यूनिकरण गर्दै स्थानीय स्तरमा पाईने चिल्ने, पोल्ने, अमिलो, पिरो र तितो जस्ता स्थानीय चिजहरूको प्रयोग गरि जैविक रसादी बनाई प्रयोग गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ।

२०. कृषक /कृषक समुहमा नवीनतम खेती प्रणाली गर्न चाहाने किसानहरूका लागि तालिम संचालन गरि तालिम पश्चात् उक्त कृषक/कृषक समूहलाई उन्नत बिउ/बेर्ना र प्रविधि हस्तान्तरण गरिने छ ।

२१. पशुजन्यको मल-मुत्र खेर गईरहेको अबस्थामा भकारो सुधार गरी संकलन गरेको मल-मुत्र प्रयोग गरी उत्पादनमा वृद्धि गरिने छ।

२२. किसानहरुलाई सजिलो, छिटो र कम लागतमा खेती गरि उत्पादनमा वृद्धि गर्नको लागि बिभिन्न प्रकारका कृषि औजार साथै गाउँपालिका क्षेत्रभित्र मौरीको सम्भावना भएकाले व्यवसायिक मौरीपालन गर्ने किसानहरूलाई चाका सहितको मौरी घार वितरण गरिने छ। यसको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

२३. सामूहिक खेतीलाई प्राथामिकता, आकाशेपानी संकलनको लागि एक घर एक प्लास्टिक पोखरी निर्माण गर्न प्रोत्साहित गरिने छ ।

२४. भूमि बैंक स्थापना गरी गाउँपालिका क्षेत्रभित्रका बाँझो जग्गा गाउँपालिकाले लिजमा लिई वास्तविक किसानलाई जग्गा लिजमा दिने र उत्पादनशील क्षेत्रमा लगानी केन्द्रित गर्ने व्यवस्था मिलाईनेछ । यसको लागि आवश्यक कानुन निर्माण गरिनेछ ।

२५. कृषि उपजको व्यवस्थापनका निम्ति संकलन/भण्डार केन्द्र, प्रशोधन केन्द्र स्थापना गरि बजारीकरणलाई व्यवस्थित बनाईनेछ । साथै वडा स्तरिय र गाउँपालिका स्तरीय कोसेली घर संचालन गर्ने व्यवस्था मिलाईनेछ।

२६. गाउँपालिका क्षेत्रभित्रका उत्कृष्ट उत्पादन गर्ने किसानलाई **ज्वालामूखीको** शान, **ज्वालामूखीको** किसान भन्ने नाराका साथ उत्कृष्ट किसान सम्मान कार्यक्रम गरिनेछ ।

पशु सेवा नीति

२७. गाउँपालिका क्षेत्रभित्र कृषकहरुले पालन गरेका पशुपंक्षीहरुको बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै पशुपंक्षीको पकेट क्षेत्र विकास कार्यक्रम संचालन गरिनेछ।

२८. पशु स्वास्थ्यसँग सम्वन्धित सामाग्रीहरुको व्यवस्थापन गरि आवश्यकता अनुसार कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

२९. गोरु संरक्षण र कमजोर किसान संरक्षण अन्तर्गत हलगोरु पाल्ने कृषकलाई अनुदान दिनका लागि आवश्यक कानुन निर्माण गरी कार्यक्रम अगाडी बढाईने छ ।

३०. विभिन्न पशुपँक्षीहरूमा लाग्ने परजीवि रोग नियन्त्रणका लागि निशुल्क औषधी वितरण तथा परामर्श सेवा उपलव्ध गराईने कार्यलाई निरन्तरता दिईनेछ ।

३१. दुग्ध उत्पादनमा गाउँपालिकालाई आत्मानिर्भर एवम् व्यावसायिक बनाउन गाई, भैंसीको नश्ल सुधार एवम् उत्पादकत्व वृद्धिका लागि कृतिम गर्भाधान मिसन कार्यक्रमको सुरुवात गरिएकाले यसलाई तिब्रताका साथ

निरन्तरता दिईनेछ ।साथै गाउँपालिकाको क्षेत्रभित्रका कृषकहरुलाई उन्नत जातका बाख्रा र बोका वितरण गरि नश्ल सुधार गर्ने व्यवस्था मिलाईनेछ ।

३२. पशुपंक्षीमा लाग्ने विभिन्न माहामारी रोग तथा जुनोटिक रोग नियन्त्रणको लागि निशुल्क खोप कार्यक्रम संचालन गरिएकाले यसलाई निरन्तरता दिईनेछ । साथै पशु स्वास्थ्य सेवा सुधार अन्तर्गत पशु प्रयोगशाला स्थापना भएकाले यसलाई थप व्यवस्थित बनाईनेछ ।

३३. आवश्यक पशु आहार व्यवस्थापन र पशुपालक किसानलाई तालिम कार्यक्रम संचालन गरी पशुपंक्षी जन्य पदार्थको उत्पादनमा वृद्धि गरिनेछ। साथै असल पशु अभ्यास तथा जुनोटिक रोग सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

३४. पशुपंक्षीपालनबाट गरिब तथा सामाजिक दृष्टिकोणबाट पिछडिएका वर्ग, युवा तथा महिला वर्गको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याईने नीति लिईनेछ ।

३५. पर्यटन विकासमा सहयोग पुग्ने गरी गाउँपालिकामा अवस्थित रैथाने पशुपंक्षीहरुको प्रवर्द्धन गरिनेछ।

३६. गाउँपालिकालाई रेबिज सुरक्षित क्षेत्र बनाउन सबै वडाहरुमा कुकुर बन्ध्याकरण शिविर संचालन गरिनेछ। साथै वादर नियन्त्रणको लागि आवश्यक गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

<u>सहकारी नीति</u>

३७. गाउँपालिकाको सहकारी ऐन संशोधन तयार भैसकेकाले गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण सहकारी संस्थालाई प्रचलित कानुनको दायरामा ल्याइनेछ। साथै अव्यवस्थित एवम् अमुर्त रुपमा संचालन भएका संस्थाहरु

खरेजी गरिएको छ भने विषय र उद्देश्य मिलान हुने सहकारी संस्थालाई एकिकरण गरिनेछ। यसको लागि आवश्यक वजेट विनियोजन गरि सहकारीलाई परस्कृत तरिकाले संचालन गर्नका लागि वातावरण तयार गरिनेछ ।

३८. "समृद्धिको लागि सहकारी अभियान" लाई सफल पार्न साना व्यवसायमा संलग्न व्यक्ति वा समूहलाई सहकारीमा आबद्ध गराई जोखिम बहन क्षमता अभिवृद्धि गर्ने नीति लिइनेछ ।

३९. विद्युतीय प्रणाली मार्फत् सहकारी संस्थाको दर्ता, नियमन र प्रवर्द्धन गरिने कार्यलाई निरन्तरता दिइ थप प्रभावकारी बनाइनेछ ।

४०. अनौपचारिक क्षेत्रमा संलग्न महिला, दैनिक ज्यालादारीमा कार्य गर्ने मजदूरहरुलाई सहकारीमा आबद्ध गरी सहकारीको माध्यमबाट साना तथा घरेलु उद्योग सञ्चालन गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने नीति लिइनेछ ।

४१. गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुका लागि सहकारी संस्था सञ्चालन तथा व्यवस्थापन र सहकारीको ऐन कानुन सम्बन्धी अभिमुखिकरण तालिम संचालन गरिने छ ।

४२. गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका सहकारी संस्थाहरु अनुगमन, निरिक्षण, नियन्त्रण, नियमन र प्रवर्द्धन गर्नको लागि गाउँपालिका स्तरीय सहकारी बोर्ड गठन गरि बोर्ड र सहकारी क्षेत्रसँग सम्वन्धित विज्ञहरुवाट अनुगमन र निरिक्षण गर्न सहकारी संस्थाको मुल्याङ्कन मार्फत मुल्याङ्कन प्रतिवेदन कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था मिलाईनेछ ।

४३. गाउँपालिका भित्रका सहकारी संस्थाहरुलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरी सहकारीको परिचालनबाट परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यवसायिक बनाउने नीति अबलम्बन गरिने छ ।

<u>श्रम तथा रोजगार नीति</u>

४४. अपाङ्गता भएका व्यक्ति र परिवार, दलित, एकल महिला, जनजाती लगायत विपन्न परिवारका सदस्यहरुलाई रोजगारीको अवसरमा पहिलो प्राथमिकता दिने नीति लिइनेछ ।

४५. गाउँपालिका भित्रबाट बैदेशिक रोजगारमा गएका र बैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको तथ्याङ्क संङ्कलन गरि पाश्वचित्र तयार गर्ने नीति लिइनेछ । साथै गाउँपालिका भित्रबाट बैदेशिक रोजगारमा गएका व्यक्तिहरुको परिवारका सदस्यहरुलाई वित्तीय साक्षरता कक्षा सञ्चालन गर्ने नीति लिइनेछ ।

<u>उद्यमशीलता प्रवर्द्धन नीति</u>

४६. गाउँपालिका क्षेत्रभित्र रहेका उद्यमीहरूका लागि सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण कार्यक्रम सन्चालन गरिकाले यसलाई निरन्तरता दिईनेछ ।

४७. विदेशवाट फर्केका स्थानीय युवाहरुका लागि आफुले विदेशमा आर्जन गरेको ज्ञान सीपलाई स्वदेशमा प्रयोग गर्नका लागि थप प्रोत्साहित गरी उद्यमशीलता मार्फत रोजगारी सिर्जना गर्ने साथै रैथाने तथा परम्परागत सिप र पेशाको संरक्षण र पुस्तान्तरण गर्ने नीति लिईनेछ ।

४८. गाउँपलिका क्षेत्रभित्र उद्यमशीलताको प्रवर्द्धन गर्न नवप्रवर्तनमा आधारित उद्यम व्यवसायलाई प्रोत्साहित गरिनेछ । नवप्रवर्तनको क्षेत्रमा काम गर्न चाहने गाउँपालिका क्षेत्रभित्रको युवाहरुको दक्षता तथा सीपको

उपयोग गर्न युवा उद्यमशीलता तथा रोजगार अभिवृद्धि कार्यक्रम संचालन गरि युवाहरुलाई तालिम, सीप, बिउँपूँजी (Start-Up), प्रविधि र परामर्श उपलव्ध गराईनेछ । सो कार्यान्वयनको लागि गाउँपालिकाले कानुनी संरचना तयार गरि आवश्यक वजेट विनियोजन गरिनेछ ।

उद्योग तथा व्यापार नीति

४९. उद्योगी, व्यवसायी तथा स्थानीय समुदायसँगको सहकार्यमा स्थानीय उत्पादन वाजरीकरण लाई सहज बनाउन पर्यटन मेला तथा महोत्सवको आयोजना विस्तार गरी यसलाई निरन्तरता दिईनेछ ।

५०. गाउँपालिका क्षेत्रमा सञ्चालित साना तथा घरेलु उद्योगहरुको सूची तयार गरिनेछ । उक्त उद्योगहरुलाई गाउँपालिकामा दर्ता गराई त्यस्ता उद्योगहरुको प्रवर्द्धनमा गाउँपालिकाले सहजीकरण गर्ने गरी कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्नेछ ।

५१. गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका विभिन्न व्यापार व्यवसायलाई दर्ता तथा नविकरण गरि करको दायरामा अनिवार्य ल्याउनको लागि कम्तिमा वर्षमा ३ पटक वजार अनुगमन गरिनेछ ।

५२. गाउँपालिका क्षेत्रभित्र उत्पादित बस्तुलाई बजारीकरण गर्न देशको ठुला सहरमा आयोजित कृषि मेला महोत्सवमा स्टल उपलव्ध गराई उत्पादित वस्तु विक्री वितरण गर्न प्रोत्साहन गरिनेछ ।

पर्यटन नीति

५३. गाउँपालिका भित्र पर्यटन विकास, विस्तार र सम्वर्द्धनका लागि गाउँपालिकास्तरीय पर्यटन गुरु योजना तयारी गरि गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण धार्मिक धरोहर, शक्तिपिठहरु, तथा पर्यटकीय क्षेत्रको विस्तृत विकासमा टेवा पुग्ने कार्यक्रम तथा योजना तयार गरिने छ ।

५४.	गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्रहरुको विकास निर्माण, संरक्षण, सम्वर्द्धन र प्रचार प्रसार गरि पर्यापर्यटन, धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन प्रवर्द्धनको माध्यमबाट स्थानीय जनताको रोजगारी मार्फत जीवनस्तर उकास्न पर्यटन पूर्वाधारको निर्माण, संरक्षण, सम्वर्द्धन, प्रचार प्रसार जस्ता कार्यहरु संचालन गरिएकाले यसलाई थप निरन्तरता दिई पर्यटन व्यवसाय संचालनमा विशेष जोड दिने नीति लिइनेछ।

५५.	पर्यटन प्रवर्द्धनको प्रमुख आधारको रुपमा रहेको होमस्टेलाई प्रवर्द्धन गर्न उपयुक्त वातावरण श्रृजना गरिनेछ ।

५६.	गाउँपालिका क्षेत्रभित्रका धार्मिक एवम् पर्यटकीय क्षेत्रहरुको ऐतिहासिक एवम् पुरातात्विक विषय वस्तुहरु समेटिएको प्रोफाईल तयार भएकाले तयार भएको प्रोफाईल अनुसार धार्मिक एवम् पर्यटकीय क्षेत्रहरुको इतिहास र परिचय खुल्ने गरि प्रचार प्रसार गर्नको लागि त्यस क्षेत्रमा धार्मिक एवम् पर्यटकीय स्थलहरुको QR Code र परिचयात्मक पुस्तिका प्रकाशन गरिने साथै गाउँपालिकाको मुख्य/मुख्य नाकामा धार्मिक एवम् पर्यटकीय स्थलको नक्सा, तस्विर सहितको होडिङ बोर्ड राख्ने व्यवस्था मिलाईनेछ ।

५७.	गाउँपालिका क्षेत्रभित्रका पर्यटकीय क्षेत्रहरुको पर्यटन प्रवर्द्धन गर्न प्याराग्लाईडिङ, केवलकार जस्ता सम्भाव्यता अध्ययनको लागि आवश्यक पहल गरिने छ ।

५८.	ज्वालामूखी गाउँपालिका वडा नं. ७ को अनकन्या मन्दिर देखी त्रिपुरा सुन्दरीमा पर्ने नरसिंधाम जोड्ने जिपलाईनको लागि आवश्यक अध्ययन गरिनेछ ।

५९. ज्वालामूखी गाउँपालिका पर्यटकीय सम्भावना भएको पालिका भएकाले ढोला मण्डली माई मन्दिर -मैधिकोट (खड्गदेवी) मन्दिर - खरीकोट मन्दिर- अनकन्या माई मन्दिर- जलमूखी माई मन्दिर हुँदै निलकण्ठको ज्यामरुङ दरवार सम्मको रुटलाई ट्रेकिङ रुट बनाउन गुरुयोजना तयार गरिने छ। सो कार्यको लागि अन्तरपालिका समन्वय तथा सहकार्य गरिनेछ ।

<u>सार्वजनिक साझेदारी नीति</u>

६०. आर्थिक गतिविधिमा सार्वजनिक निजी साझेदारीमा संचालन गरिने कार्यक्रमलाई प्राथमिकता दिइनेछ । सार्वजनिक निजी साझेदारीमा सञ्चालन हुने परियोजनाहरुको पहिचान, अध्ययन, विश्लेषण, मूल्यांकन तथा छनौट गरि अघि बढाइनेछ । जनस्वास्थ्य, शिक्षा, उद्यमशीलता तथा वातावरणको दिगो विकासको लागि Private People Partnership कार्यक्रमको शुरुआत गरिनेछ।

६१. सार्वजनिक निजी साझेदारीको अवधारणा अवलम्बन गर्दै टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गैरसरकारी संघ संस्थाहरुको परिचालनवाट गाउँपालिकाको आर्थिक, सामाजिक र भौतिक विकासमा जोड दिने नीति लिईनेछ ।

६२. गाउँपालिकाले निजीक्षेत्रसंग साझेदारी गरी पूर्वाधार तथा अन्य क्षेत्रको विकासका लागि प्रचलित ऐन अनुसार सार्वजनिक, निजी साझेदारी कार्यविधि तयार गरि आवश्यकता अनुसार योजना तथा कार्यक्रम संचालन गरिनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

**अव म सामाजिक विकास क्षेत्रका नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

<u>शिक्षा नीति</u>

६३. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुलाई सूचना प्रविधिमैत्री बनाउन ICT का सामाग्रीहरु कम्प्यूटर, ल्यापटप, प्रिन्टर,

प्रोजेक्टर, Interactive Smart Baord लगायतका सामाग्रीहरुको पूर्ण प्रयोग भए/नभएको अनुगमन गरि प्रभावकारी प्रयोगमा जोड दिईनेछ । सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरुलाई पेशागत विकास मार्फत प्रविधिमैत्री गुणस्तरीय शिक्षामा जोड दिन आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

६४. गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई कृषि पेशा प्रति आकर्षण बढाउन **"विद्यालय करेसावारी कार्यक्रम"** तथा **"हरित विद्यालय कार्यक्रम"** संचालन भैसकेकाले यसलाई निरन्तरता दिईनेछ । साथै नवप्रवर्तन, अनुसन्धान, विकास र आविष्कारको क्षेत्रलाई प्रोत्साहन गर्न नवप्रवर्तन, अनुसन्धान र विकास कोष स्थापना गरिनेछ । यस गाउँपालिका क्षेत्रभित्रका MPhil र PhD तहमा अध्ययनरत विद्यार्थीहरुको लागि गाउँपालिका क्षेत्रभित्र अनुसन्धान गर्न Research Paper/Thesis तयार गर्न आवश्यक सहयोग गर्न आवश्यक कानुनी संरचना तयार गरिनेछ ।

६५. अल्पसंख्यक, लोपोन्मूख, अति सिमान्तकृत, दलित, अपाङ्गता भएका र आर्थिक रुपमा विपन्न समुदायका छात्र/छात्राको शिक्षामा पहुँच अभिवृद्धि गर्नको लागि छात्रवृति प्रदान गरिने व्यवस्था मिलाईनेछ। साथै कक्षा ११-१२ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुको लागि पूर्ण छात्रवृत्ति प्रदान गरिएको साथै गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई आधारभुत तह अनिवार्य तथा निशुल्क र माध्यामिक तह सम्मको शिक्षालाई पूर्ण रुपमा निशुल्क गरिएकोले सो कार्यलाई निरन्तरता दिन आवश्यक वजेट विनियोजन गरिनेछ । गाउँपालिकाको आवश्यकता अनुसार प्राविधिक विषय अध्ययन गर्ने बिपन्न र दलित विद्यार्थिहरुको लागि छात्रवृत्तिको व्यवस्थालाई निरन्तरता दिइनेछ।

६६. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा वालवालिकालाई **"झिकाउँ, सिकाउँ, र टिकाउ"** भन्ने अभियान सञ्चालन साथै **"सिक्दै कमाउँदै-कमाउँदै सिक्दै"** र **" पढाई सँगै सिप "** कार्यक्रमको सुरुवात गरिएकाले यसलाई थप व्यवस्थित बनाईनेछ ।

६७. सामुदायिक विद्यालयका शिक्षकहरु प्रसुती विदामा रहेको समयमा शैक्षिक क्षती हुन नदिन सट्टा शिक्षकको व्यवस्था गरिएको साथै शिक्षकहरुलाई पठनपाठन गर्दा Lesson Plan अनिवार्य गर्न Lesson Plan Diary तथा शिक्षक विधार्थी लग बुक को व्यवस्था गरिएकोले यस आ.व. मा पनि सो कार्यलाई निरन्तरता दिईनेछ ।

६८. यस गाउँपालिका अन्तर्गतका विद्यालयबाट SEE दिने विद्यार्थीहरुलाई कक्षा ११ र १२ तथा उच्च शिक्षा छनोट गर्न आवश्यक करिअर काउन्सिलिङ, उत्प्रेरणात्मक कक्षा तथा मनोपरामर्श कार्यक्रम संचालन गरिएकोले यसलाई निरन्तरता दिईनेछ । साथै विद्यार्थीहरुसँग अध्यक्ष कार्यक्रम संचालन गरिनेछ।

६९. गाउँपालिकाले विपद् व्यवस्थापन, वन तथा वातावरण, कृषि र स्थानीय भाषा, रहनसहन, सँस्कृति, नैतिक शिक्षा आदी क्षेत्र समेटिने गरि स्थानीय पाठ्यक्रम निर्माण गरेकोले यसको कार्यान्वयनमा विषेश जोड दिईनेछ ।

७०. विद्यार्थीहरुलाई आफूले निर्माण गरेका र सिकेका कुराहरुको प्रर्दशन गर्ने अवसर पाउने गरी वार्षिकरुपमा “ **शैक्षिक सामग्री प्रदर्शनी तथा शैक्षिक सम्मेलन** आयोजनालाई निरन्तरता दिईनेछ ।

७१. विद्यालयहरुमा आवश्यक न्यूनतम पूर्वाधार पुस्तकालय, विज्ञान प्रयोगशाला, विषयगत प्रयोगशाला, सूचना प्रविधि कक्षा, लैङ्गिकमैत्री शौचालय तथा अपांगमैत्री संरचनाहरुको व्यवस्थापन निरन्तर गरिदै लगिनेछ। बुढीगण्डकी जलविद्युत आयोजनको डुवान क्षेत्रका विद्यार्थी तथा समायोजन

भएका विद्यालयका विद्यार्थीहरुका लागि आवासीय तथा Big School को व्यवस्थापन गरी पायक पर्ने र सहजै गुणस्तरीय शिक्षा लिन पाउने हकको सुनिश्चितता लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

७२. आधारभुत विद्यालय (कक्षा १ देखी ५ सम्म) अंग्रेजी माध्यमवाट पठन पाठन गर्न गराउन आवश्यक पहल गरिएकाले यसलाई निरन्तरता दिईएको छ ।

७३. हरेक वडामा कम्तीमा एक विद्यालयलाई नमूना प्रारम्भिक वाल विकास कार्यक्रम संचालन गरिनेछ । पाँच वर्ष मुनिका बालबालिकाको सर्बाङ्गीण विकासका लागि पुर्व प्राथमिक तहमा थप १ वटा LKG कक्षा सञ्चालन गरिएको छ । कार्यक्रमको गुणस्तर वढाउन सहयोगी निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

७४. विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित बनाइ पोषणयुक्त खाजा खुवाउन विद्यालयलाई उत्प्रेरित गरी जंक फुडको प्रयोग निषेध गर्न थालनी गरिएकाले पोषणयुक्त खाजामा स्थानीय उत्पादनको उपयोग हुने गरि आधारभुत तहका विद्यार्थीहरुलाई पोषिलो, ताजा र गुणस्तरिय खाजा उपलव्ध गराउने व्यवस्था मिलाईनेछ ।

७५. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभूत तह र माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, विद्यार्थी तथा शिक्षक लाई प्रत्येक वर्ष उत्कृष्ट शिक्षा पुरस्कार प्रदान गर्ने कार्यको थालनी गरिएकाले यसलाई निरन्तरता दिईनेछ। शिक्षकलाई उत्प्रेरणा बढाउनका लागि विषयगत शिक्षकहरुको रोष्टर तयार गर्ने, विषयगत तालिम ,नमुना विद्यालय भ्रमण, सूचना प्रविधिसँग जोड्ने व्यवस्था साथै निवृत शिक्षकहरुलाई सम्मान कार्यक्रमलाई निरन्तरता

दिईनेछ । प्रधानाध्यापकको लागि हाल उपलब्ध गराइएको प्रधानाध्यापक भत्तामा शतप्रतिशत बृद्धि गरिनेछ ।

७६. छात्राहरुलाइ निःशुल्क रुपमा विद्यालयमा नै गुणस्तरीय तथा पुनः प्रयोग गर्न मिल्ने स्यानिटरी प्याडको नियमित उपलव्धताको सुनिश्चितता गरिएकोले यसलाई निरन्तरता दिईनेछ ।

७७. वीचैमा विद्यालय छोड्ने प्रवृत्तिलाई निरुत्साहित गर्न बालमैत्री शिक्षण विधि अबलम्बन गरि जेहेन्दार, गरिब तथा विपन्न वर्गका वालवालिकाहरुलाई आवश्यकता अनुसार पाठ्यपुस्तक, पाठ्यसामाग्री र पोषाक लगायतका सामाग्री उपलब्ध गराई आधारभूत शिक्षा अनिवार्य गरि माध्यमिक शिक्षा सामुदायीक विद्यालयमा पढ्न उत्प्रेरित गरि विद्यालय छोड्न नदिने नीति अवलम्वन गरिएकाले यसलाई थप प्रभावकारी वनाईनेछ ।

७८. विद्यालय भर्नादर वृद्धि गर्ने तथा कक्षा छोड्ने दर न्यून गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ । साथै सरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट वञ्चित बालबालिका तथा बयस्कका लागि प्रौढ कक्षा, वैकल्पिक शिक्षा र साक्षरता कक्षाहरु संचालन गर्न विभिन्न संघ संस्थाहरुसँग सहकार्य गरिएकाले सामुदायिक सिकाई केन्द्रलाई क्रियाशील बनाई सामाजिक विकासका विविध कार्यहरुमा सक्रिय वनाइनेछ ।

७९. सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि र प्रोत्साहनका लागि आधारभूत तह र माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यालय, विद्यार्थी तथा शिक्षक लाई प्रत्येक वर्ष उत्कृष्ट शिक्षा पुरस्कार प्रदान गर्ने कार्यको थालनी गरिएकाले यसलाई निरन्तरता दिईनेछ ।

८०. गाउँपालिका क्षेत्रभित्रका सबै सामुदायिक बिद्यालयहरुमा स्कुल बुलिङलाई निरुत्साहित गरी अपाङ्गमैत्री, लैङ्गिकमैत्री तथा बालमैत्री बनाईनेछ ।साथै सबै विद्यालयमा विद्यालय सरसफाई तथा स्वच्छता कार्यक्रम लागू गरी ४ वटा विद्यालयलाई तीन तारे विद्यालय घोषाणा गरिनेछ ।

८१. पञ्चवर्षीय गाउँ शिक्षा योजना तयार गरी विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यलाई निरन्तरता तथा तहगत रुपमा नियमानुसार प्रधानाध्यापकको व्यवस्था गरिनेछ । गाउँपालिका क्षेत्रभित्रका सामुदायिक माध्यामिक विद्यालयमा **Digital Pedagogy** विधि क्रमश सुरुवात गरिनेछ । साथै प्रधानाध्यापक सँग **Performance Based Contract** को सुरुवात गरिनेछ ।

८२. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार अन्तर्गत हरेक शुक्रबार विद्यालयमा अतिरिक्त क्रियाकलाप गरिने र त्यसको लागि **"नो ब्याग, नो बुक"** कार्यक्रम संचालन भैरहेकाले यसलाई निरन्तरता दिईनेछ । विद्यालयमा शिक्षण सिकाई क्रियाकलापमा सुधार गरिनेछ । विद्यालयमा **"साथीवाट सिक्ने र साथीलाई सिकाउने", ज्येष्ठ नागरिकसँग अनुभव तथा सीप हस्तान्तरण, अभिनय, संगीत, साहित्य, क्षेत्रमा रुची जगाउन विधागत रुपमा प्रशिक्षण तथा अन्तर विद्यालय शिक्षक तथा विद्यार्थी अन्तरक्रिया कार्यक्रम** संचालन गरिनेछ । साथै ट्राफिक सचेतना, स्वस्थ जिवन, तत्काल उपचार विधि, वातावरण तथा सरसफाई, विपदवाट जोगिने उपाय जस्ता दैनिक जिवनसँग सम्वन्धित विषयमा सीप तथा प्रशिक्षण प्रदान गरिने नीति लिईनेछ ।

८३. गाउँपालिका क्षेत्रभित्र **Multi Grade Multi Level Methodlogy (MGML)** "बहु कक्षा बहु स्तर सिकाइ पद्धती " लाई निरन्तरता दिइनेछ ।गाउँपालिका क्षेत्रभित्रका माध्यामिक विद्यालयहरु मध्ये **Lead** बिद्यालय

बनाउन **Center of Excellence** स्थापना गर्न आवश्यक कानुनी संरचना निर्माण गरिनेछ ।

८४. लक्षित वर्ग तथा दलितको पहुँच बढाउन निजामती सेवा तथा शिक्षा सेवा लागायतका सार्वजनिक सेवा प्रवेशका लागि प्रतिस्पर्धीका लागि आवश्यक पर्ने क्षमता विकास कार्यक्रम अन्तर्गत लोक सेवा तथा शिक्षा सेवा तयारी कक्षा संचालन भएकाले यसलाई निरन्तरता दिईनेछ ।

८५. समाजमा व्याप्त हिंसा, दुर्व्यवहार, कुप्रथा, आत्महत्या लगायत विभिन्न सामाजिक समस्या न्यूनिकरण गर्ने उद्देश्य सहित हरेक विद्यालयमा युवा रेडक्रस सर्कल बालक्लव लगायतका विभिन्न ईकाई/समितिहरु गठन गरि सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

<u>युवा तथा खेलकुद नीति</u>

८६. खेलकुदको माध्यमद्वारा युवाहरुको व्यक्तित्व विकास गर्न गाउँपालिका क्षेत्रमा शारीरिक व्यायामशाला, हेल्थ क्लब रंगशाला/कबर्डहलको विकास तथा विस्तार र गाउँपालिका क्षेत्र भित्र एक गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण गरी गाउँपालिका क्षेत्र भन्दा वाहिरका खेलाडीहरुलाई समेत आर्कषण गर्ने गरी खेलकुद क्षेत्रको विकास गरिनेछ ।

८७. युवाहरुलाई कुलत तथा द्रुव्यसनबाट बचाउन सचेतनामूलक, रोकथाममूलक मनोपरामर्श तथा उपचारात्मक कार्यक्रम र युवाहरुको लागि सकारात्मक सोच र स्वस्थ व्यवहार परिवर्तनको लागि मोटिभेसनल कार्यक्रम तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

८८. युवाहरुका लागि स्वरोजगारमुलक सीप तथा क्षमता विकास तथा उद्यमशिलता सम्बन्धी कार्यक्रमहरु संचालन गरी उद्यम सञ्चालन गर्न उद्यम

विकास कोषको स्थापना गरी आफ्नै माटोमा उद्यम गर्ने वातावारण तयार गरिनेछ।

८९. युवा वर्गलाई खेल प्रति आकर्षित गर्नका लागि राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष कप खेलकुद प्रतियोगिता आयोजनालाई आगामी आ.व. मा पनि निरन्तरता दिईनेछ । साथै गाउँपालिका स्थायी ठेगाना भई जिल्ला स्तरिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा महत्वपूर्ण सिल्ड, मेडल, पदक विजेता हुनुहुने खेलाडीलाई उचित सम्मानका साथ पुरस्कारको व्यवस्था मिलाईनेछ।

९०. स्वस्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुदलाई संस्कृतिको रुपमा विकास गर्ने कार्यको सुरुवात गरिएकाले यसलाई निरन्तरता दिईनेछ।

९१. गाउँपालिकाको प्राथमिकताका विभिन्न क्षेत्रका लक्ष प्राप्त गर्नको लागि **"स्वयंसेवक सेवा कोष"** मार्फत स्वयंसेवक परिचालन तथा स्वयंसेवाको प्रवर्द्धन गरि गाउँपालिकाको विकास तथा विपद् व्यवस्थापन लगायतका कार्यमा युवा शक्ति परिचालन गरिनेछ ।

९२. गाउँपालिकाको नीति तथा कार्यक्रम योजना निर्माण तथा कार्यान्वयन र अनुगमन तथा मुल्यांकनमा युवाहरुको सहभागिता सुनिशचितता गरी गाउँपालिकालाई युवामैत्री स्थानीय तह घोषणा गरिनेछ।

## स्वास्थ्य तथा पोषण नीति

**गाउँपालिकाको स्वास्थ्य सम्वन्धि नाराः "कोख देखी शोक सम्म ज्वालामूखी सरकार" रहेको छ ।**

९३. जनस्वास्थ्यमा लगानी वढाउनको लागि स्वास्थ्य क्षेत्रको वजेटलाई क्रमश वृद्धि गर्दै स्थानीय स्वास्थ्य प्रोफाईल निर्माण गरि **"सबै नीतिमा स्वास्थ्य (Health in All Policies)"** भन्ने मान्यतालाई अगाडि वढाउदै स्वास्थ्य

लक्ष्य निर्धारण गरि योजना, बजेट र कार्यक्रम तर्जुमा गरि आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, कम खर्चिलो तथा गुणस्तरीय एवम् भरपर्दो बनाउने नीतिलाई निरन्तरता दिईनेछ।

९४. स्थानीय स्वास्थ्य प्रणालीको विकास र सवलीकरणका लागि आधारभूत स्वास्थ्य सेवा, आँखा सेवा, आयूर्वेद र वैकल्पिक चिकित्सा, मानसिक तथा निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, प्रशामक र पूर्नस्थापनात्मक सेवालाई एकिकृत रुपमा संचालन गरिनेछ ।

९५. गाउँपालिकाबाट सञ्चालन गरिएका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु, नागरिक आरोग्य सेवा केन्द्र, ज्वालामूखी ग्रामीण आँखा केन्द्र तथा सामुदायिक स्वास्थ्य एकाईहरुको क्रमिक रुपमा स्तरोन्नती गरी सेवा सञ्चालन गरिनेछ ।खोप क्लिनिक र गाउँघर क्लिनिकहरुलाई व्यवस्थित बनाइनेछ । निःशुल्क सूचीका औषधीहरु सहज रुपमा वितरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

९६. गाउँपालिकामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले गरेको योगदानको कदर गर्दै हाल पाईरहेको सेवासुविधामा समयानुकूल पुनरावलोकन गरी सेवालाई थप प्रोत्साहित गरिनेछ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास तथा अन्य अवसरहरु प्रदान गरि सेवाको पहुँच र गुणस्तर वृद्धि गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

९७. सबै नागरिकहरुलाई स्वास्थ्य वीमा कार्यक्रममा समावेश गराउनको लागि महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु, अति विपन्न, दलित तथा एकल महिला, एकल पुरुष, सहारा विहिन, अति अशक्त र अपांगता भएका व्यक्तिलाई निःशुल्क वीमा गर्ने व्यवस्था गरि आगामी ३ वर्ष भित्र पूर्ण स्वास्थ्य वीमित गाउँपालिका बनाउने नीति लिईनेछ ।

९८. वढ्दै गएको नसर्ने रोगहरु तथा मानसिक रोगहरुको प्रभाव न्यूनीकरणका लागि स्वास्थ्य सचेतना, स्क्रिनिङ, निदान, उपचार तथा व्यवस्थापनको सहज पहुँच विस्तार तथा आवश्यकता अनुसारको पूर्नस्थापना सेवा प्रदान गर्न घरदैलोमा जनस्वास्थ्य सेवा निरन्तर संचालन गरिनेछ । विशेष राहत कोष स्थापना भएकाले यसको व्यवस्थापनमा जोड दिईनेछ ।

९९. प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक स्वास्थ्य सेवालाई जोड दिन साथै **"कोख देखि शोक सम्म ज्वालामूखी सरकार"** घरदैलोमा जनस्वास्थ्य सेवा कार्यक्रमलाई प्रभावकारी वनाउनका लागि एक वडा एक स्वास्थ्यकर्मी परिचालन कार्यक्रम अन्तर्गत सामुदायिक स्वास्थ्य सहजकर्ताहरुको परिचालनलाई थप व्यवस्थित वनाईनेछ ।

१००. विद्यालय स्वास्थ्य तथा पोषण शिक्षा, किशोर किशोरी प्रजनन् स्वास्थ्य, महिनावारी स्वच्छता व्यवस्थापन जस्ता कार्यक्रमहरुलाई विस्तार गरि थप प्रभावकारी वनाइनेछ । साथै विद्यालयमा संचालनमा रहेको दिवा खाजालाई पोषणमैत्री बनाई अस्वस्थकर खाना निषेध अभियान अन्तर्गत जंक फुड निषेधका लागि ३ च बन्द कार्यक्रमलाई निरन्तरता दिईनेछ। स्वास्थ्य शाखा र शिक्षा, यूवा तथा खेलकुद शाखासँग समन्वयमा एकिकृत स्वास्थ्य शिक्षा तथा पोषण कार्यक्रम संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१०१. टेलिमेडिसिन सेवा तथा ल्याव सेवालाई थप प्रभावकारी वनाई स्वास्थ्य संस्थालाई सूचना प्रविधि मैत्री (डिजिटलाईज) गर्नका लागि नविनतम् कार्यक्रम संचालन गरि पेपरलेस सेवा, साथै छिटो छरितो सेवा प्रदान गरि अभिलेख तथा प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित बनाइनेछ ।

१०२. वडा कार्यालयमा जन्मदर्ता गर्न आउने छोरीहरुका लागि रु. एक लाखको जिवन विमा गर्न प्रोत्साहन गरिनेछ । यसको लागि विमा किस्ता

वापतको पहिलो किस्ता रकम गाउँपालिकाले भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०३. गाउँपालिकामा संचालनमा रहेको ज्वालामूखी ग्रामीण आँखा केन्द्र र नागरिक आरोग्य सेवा केन्द्रलाई थप व्यवस्थित वनाई सेवाको पहुँच र गुणस्तर सुधार गरिनेछ ।

१०४. नमुना आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी वनाइनेछ साथै सो को प्रभावकारी कार्यान्वयनका लागि सहयोगी संघसंस्थाहरु तथा सरोकारवालाहरुसँग सहयोग, समन्वय र सहकार्यलाई जोड दिईनेछ।

१०५. स्वास्थ्यकर्मीहरुको क्षमता विकास तथा उत्प्रेरणाको लागि आवश्यक कार्यहरु गरिनेछ । समयानुकूल अध्ययन अवलोकन भ्रमण, तालिम तथा अन्य अवसरहरु सिर्जना गरिनेछ ।

१०६. गाउँपालिकामा निर्माणाधिन १५ शैयाँको अस्पताल निर्माण कार्यलाई तोकिएको समय सिमा भित्र सम्पन्न गर्नका लागि निरन्तर अनुगमन गरिनेछ। अन्य स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकासमा विशेष जोड दिइ सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी वनाइनेछ । स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड समिक्षा गरि सो को क्रममा पाईएका दुरी पहिचान गरि समाधानका लागि अनुदान तथा अन्य सहायता प्रदान गरिनेछ ।

१०७. पोषणमैत्री स्वास्थ्य संस्था र पोषणमैत्री स्थानीय तह वनाउनका लागि तोकिएका सूचकहरु पूरा गर्नका लागि आवश्यक कार्यहरु भईरहेकाले सूचकहरु पुरा भए पश्चात घोषणा गरिनेछ ।

१०८. पूर्ण खोप सुनिश्चितता र दिगोपनाको कार्यलाई निरन्तरता दिइ सवै वालवालिकाहरुलाई तोकिएको समय सीमाभित्र पूर्ण बनाउन प्रभावकारी र गुणस्तरीय खोप सेवा संचालनमा जोड दिइनेछ।

१०९. कडा रोग लागेका भनी आधिकारीक चिकित्सकवाट प्रमाणित भएका विरामी मृगौला रोग, मुटु रोग, क्यान्सर, स्पाइनल कर्ड इन्जुरी भइ पारालाइसिस भएका साथै कडा मानसिक रोग भएका विरामीहरुको लागि उपचार सहयोग विगत देखि दिईदै आइरहेकोमा यस आर्थिक वर्षमा सो कार्यलाई निरन्तरता दिईनेछ ।

११०. गाउँपालिकावाट सञ्चालन हुने गरि शव वाहन सेवा व्यवस्थापन गर्नका लागि आवश्यक वजेट विनियोजन गरिनेछ । साथै विगतमा सञ्चालनमा रहेका एम्वुलेन्सहरुको सेवा निरन्तरताका लागि **एम्वुलेन्स मर्मत संभार कोष** स्थापना गरी परिचालन गरिनेछ । खरी स्वास्थ्य चौकीवाट समेत एम्वुलेन्स सेवा सञ्चालन गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१११. विद्यालयस्तरमा प्रतिकारात्मक तथा प्रवर्दनात्मक स्वास्थ्य सेव प्रवाह गर्नका लागि स्वास्थ्य शाखासँगको समन्वय र सहकार्यमा रचनात्मक सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।

११२. प्रजनन् रुग्णता भएका महिलाहरुलाई विशेष उपचार तथा स्याहारको व्यवस्था मिलाईनेछ । पाठेघर खस्ने तथा अब्सट्रेटिक फिस्टुला भएकाहरुलाई निःशुल्क उपचार तथा सामाजिक पूर्नस्थापनाको व्यवस्था मिलाइनेछ । पाठेघरको मुखको क्यान्सर पत्ता लगाउनको लागि सवै स्वास्थ्य संस्थाहरुमा भि.आई.ए. जाँचको व्यवस्था मिलाईनेछ ।

११३. **"स्वस्थ नागरिकः घरमै स्वास्थ्य सेवा"** कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम, गर्भवती महिला, दीर्घरोग भएका, अपांगता भएका र स्वास्थ्य संस्थाको पहुँचमा पुग्न नसकेका व्यक्तिलाई नियमित परीक्षण, परामर्श, र उपचार सहित घरमै स्वास्थ्य सेवा प्रदान गर्ने कार्यको शुरुवात गरिएकाले यसलाई थप प्रभावकारी बनाईनेछ ।

११४. स्वस्थ आहार-विहार, पोषण, व्यायाम लगायत स्वस्थ जीवनशैली अवलम्वन गर्न मेरो स्वास्थ्यः म स्वस्थ मेरो गाउँ स्वस्थ अभियान संचालन गरिनेछ । नसर्ने रोगको भार कम गर्नका लागि ३० वर्ष नाघेका नागरिकहरुको अनिवार्य रुपमा हरेक ६ महिनामा वि.एम.आई, रक्तचाप, रगतमा चिनी र पिसावमा प्रोटिनको जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

११५. गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्वुलेन्स सेवा, अध्यक्ष सुत्केरी पोषण कार्यक्रम, क्याल्सियम तथा फोलिक एसिड चक्की वितरण, उत्तर प्रसुती कोशेली भेट, वृद्धि अनुगमनलाई प्रोत्साहनका लागि पाकेटको धुलो नुन दिने कार्यक्रमलाई निरन्तर संचालन गरिनेछ ।

११६. गाउँपालिका स्वास्थ्य योजना तयार गरि सो को प्रभावकारी कार्यान्वयन गरिनेछ । अभिलेख तथा प्रतिवेदनलाई चुस्त वनाउन मासिक प्रगति समिक्षा, नियमित क्रस भेरीफिकेशन साथै (Routine Data Quality Assessment) लाई नियमित रुपमा संचालन गरिनेछ । जनस्वास्थ्य विश्लेषण (Public Health Analysis-PHA) गरि नविनतम् जनस्वास्थ्य कार्यक्रमहरु संचालन गरिनेछ । सवै स्वास्थ्य चौकीमा इ-हेल्थ रेकर्ड "Electronic Health Record" शुरु गरि Data Management" प्रभावकारी वनाइनेछ । सामाजिक परिक्षण तथा अन्य सुशासन र व्यवस्थापनका गतिविधिहरु संचालन गरि सेवाग्राही मैत्री स्वास्थ्य सेवा बनाउदै लगिनेछ ।

११७. नसर्ने रोगीहरुको प्रोफाईल तयार गरि मधुमेह तथा उच्च रक्तचापको औषधीहरु निःशुल्क वितरणको व्यवस्था मिलाईनेछ । योग अभ्यास तथा सकारात्मक जीवनशैलीको विकास गराउन साथै खानपानमा आमूल परिवर्तन ल्याउनका लागि विशेष अभियान संचालन गरिनेछ ।

११८. मनोसामाजिक सहायता तथा परामर्श कक्ष स्थापना तथा संचालन गरि मनोसामाजिक स्वास्थ्य सेवालाई विद्यालयहरुमा समेत विस्तार गरिनेछ ।

११९. विपद तथा अन्य महामारी व्यवस्थापनका लागि आवश्यक व्यवस्थापन तथा वृहत्त स्वास्थ्य सचेतना अभियान कार्यक्रम संचालन गरि समुदाय स्तरमा सघन रोकथामात्मक अभियान संचालन गरिनेछ । द्रुत प्रतिकार्य टोलीलाई तयारी अवस्थामा राखिनेछ । Contingency Plan बमजिमका तयारी तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याइनेछ ।

१२०. खाद्य सुरक्षा तथा पोषण निर्देशन समिति, खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति, स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई प्रभावकारी परिचालन गरि नवशिशु, शिशु, वाल स्वास्थ्य, किशोरी स्वास्थ्य र मातृ स्वास्थ्यलाई घरदैलोमा पुर्याउन सुनौलो हजार दिन कार्यक्रमलाई थप प्रभावकारी वनाइनेछ ।

१२१. गाउँपालिकामा संचालनमा रहेको एक विद्यालय एक नर्स कार्यक्रम प्रभावकारी भएकोले सो को समयानुकुल सुधार साथै सवै माध्यमिक विद्यालयहरुमा विस्तारको लागि आवश्यक पहल, समन्वय र सहकार्य गरि थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१२२. प्रत्येक वडामा विशेषज्ञ स्वास्थ्य शिविर संचालनको लागि विभिन्न संघ/संस्था सँग समन्वय गरी सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

१२३. गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाले विरामीहरुलाई थप उपचारको लागि रिफर गर्दा विरामीहरुको सहजताको लागि थप उपचार हुने स्वास्थ्य संस्थासँग समन्वय गरी पठाउने व्यवस्था मिलाईनेछ ।

१२४. रक्तदान कार्यक्रमलाई नियमित रुपमा संचालन गरि रगतको अभाव पूर्तीको लागि रक्तदान जीवनदान भन्ने नारालाई पूर्ण बनाउन नेपाल रेडक्रस

सोसाइटीसँग समन्वय, सहयोग र साझेदारीमा गाउँपालिकावासीलाई आवश्यक रगत निःशुल्क उपलव्ध गराउने गरि कार्यक्रम लाई यस आ.व. मा पनि निरन्तरता दिईनेछ ।

१२५. **नमुना आमा सुरक्षा** कार्यक्रम, पोषणमैत्री स्थानीय तह निर्माण तथा सफा र स्वच्छ गाउँ घोषणा कार्यक्रमलाई विशेष महत्व दिई विभिन्न सहयोगी संघ संस्थाहरुसँग समन्वय, साझेदारी र सहकार्यमा कार्यक्रमहरुलाई पूर्ण रुपमा कार्यान्वयनमा जोड दिइनेछ ।

१२६. हरेक शुक्रवार सरसफाई दिनको रुपमा **दश वजे दश मिनेट** तोकी विद्यालयहरु, टोल विकास समितिहरु, कार्यालयहरु, सवै घरधुरीहरुले अनिवार्य रूपमा आआफ्नो क्षेत्रमा सरसफाईको कार्यहरु नियमित रुपमा गर्ने व्यवस्था मिलाउने नीति लिइनेछ ।

## महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपांगता तथा समाजकल्याण नीति

१२७. लैङ्गिक हिंसामा परेका, अति विपन्न, सिमान्तकृत असहाय महिला, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आर्थिक रुपमा कमजोर तथा असक्तहरुलाई सहायता, संरक्षण, उद्धार गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ । आत्मानिर्भर बनाउन सीप र क्षमता विकास गराई आवश्यक प्रविधि हस्तान्तरण र बीउ पुँजीको समेत व्यवस्था गर्ने नीति लिईनेछ ।

१२८. हिंसामा परेकाका लागि पुनःस्थापना केन्द्रको स्थापना र अस्थायी रुपमा आश्रय दिई उनीहरुको क्षमता विकास कार्यक्रम मार्फत स्वरोजगारमूलक कार्यमा सहभागी गराउने एवम् सम्भव भएसम्म परिवारसँग पुनर्मिलन गराउनका लागि सरकारी तथा गैर– सरकारी संघसस्थाहरुसँग

समन्वय र सहकार्य गरिनेछ। साथै "हिंसापीडित महिला तथा बालबालिका उद्दार कोष" Revolving Fund को लागि आवश्यक वजेट व्यवस्था गरिनेछ।

१२९. अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क संकलन कार्य सम्पन्न भैसकेकाले सहज तरिकाले परिचय पत्र वितरण, अपाङ्गता भएका व्यक्तिको प्रकृति र आवश्यकता अनुसारको तालिम संचालन, प्रविधि हस्तान्तरण र बीउ पुँजी लगायत सहुलियपूर्ण कर्जाको लागि आवश्यक पहल गरिनेछ ।

१३०. बालमैत्री गाउँ घोषणा गर्न पुरा गर्नुपर्ने सबै सूचकहरुको बारेमा सम्बद्ध सवै सरोकारवाला निकाय र समुदायसँग सहकार्य गर्दै आवश्यक पूर्बाधार विकास र सामाजिक विकासका गतिविधि संचालन गर्न सुरुवात गरिएकोले यसलाई थप प्रभावकारी बनाईनेछ ।

१३१. बहुविवाह, वाल विवाह, अनमेल विवाह जस्ता सामाजिक विकृति, विसङ्गतिलाई न्यूनीकरण गर्नको लागि तथा लैङ्गिक समानता, छुवाछुत तथा जातीय विभेदमुक्त गाउँपालिका घोषणा तथा सामाजिक समावेशीकरण सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१३२. जोखिममा रहेका वर्गहरुको (एकल/विधवा महिला/पुरुष, दलित, गर्भवती महिला,असहाय बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक आदि) को कम्तिमा वार्षिक रुपमा आर्थिक, सामाजिक तथ्यांक संकलन गर्ने र सोहि तथ्यङ्कको आधारमा पालिकाले वार्षिक नीति, योजना, कार्यक्रम र बजेट विनियोजन गर्नका लागि **"जोखिममा रहेका वर्गहरुको तथ्यांक संकलन र अद्यावधिक कार्यविधि"** निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

१३३. गाउँपालिकाभित्र लक्षित वर्गको समूहीकरणद्वारा सशक्तीकरण तथा कार्यक्रमको स्वामित्व ग्रहण गर्ने उद्देश्यले पालिकास्तरमा (अपाङ्ग/दलित महिला/एकल महिला/बालबालिका) सञ्जाल **गठन/पुनर्गठन** तथा वडास्तरमा

(अपाङ्ग/दलित महिला/एकल महिला/बालबालिका) समूह गठन गरी क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१३४. असहाय, शारीरिक रुपमा अशक्तहरुको शिक्षा, स्वास्थ्यको लागि आवश्यक राहतकोष व्यवस्था गरि आर्थिक रुपमा कमजोर वर्गका लागि आयमुलक तथा सीपमुलक कार्यक्रम गैरसरकारी संस्था समेतको साझेदारीमा संचालन गरीने छ ।

१३५. दलितहरुको समान हक र अधिकारको प्रवर्द्धन, निर्णय प्रकृयामा समेत समावेशीकरण र उनीहरुको संस्थागत सञ्जाल विकास गर्न जोड दिइनेछ र दलित वर्गको समग्र आर्थिक उन्नतिका लागि परम्परागत पेशालाई आधुनिकीकरण गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३६. गाउँपालिका क्षेत्रभित्र कुलत तथा द्रुर्व्यसनीमा फसेका किशोर किशोरीहरुको पहिचान गरी निजहरुको सुधारको लागि आवश्यक प्रशिक्षण एवम् सचेतनामुलक कार्यक्रम गरिनेछ ।

१३७. कार्यस्थलमा हुने लैङ्गिक तथा यौनजन्य द्रुर्व्यवहार निवारण आचार संहिता २०८१ बनाई लागू गरिने छ ।

<u>खानेपानी तथा सरसफाई तथा स्वच्छता नीति</u>

१३८. गाउँपालिका भित्र खानेपानी सेवा संचालन तथा दिगो विस्तार र वितरण प्रणालीलाई सुदृढ गरी गाउँपालिकावासीलाई **"एक घर एक मिटर सहितको धारा"** निर्माण गरी सुरक्षित खानेपानीको उपलव्धतामा सर्वसुलभ र सहज गराउने नीतिलाई निरन्तरता दिइनेछ । यसका लागि परम्परागत स्रोतको संरक्षण,सम्बर्धन र प्रबर्द्धन गरिनेछ ।

१३९. गाउँपालिकामा पूर्ण सरसफाइ रणनीतिक योजना ,वास प्लान तयार भई कार्यान्वयन भई रहेकोले गाउँपालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिका

घोषणा अभियानलाई निरन्तरता दिइ सघन पूर्ण सरसफाइ कार्यक्रम अन्तर्गत वि.सं २०८२ भित्रमा गाउँपालिकालाई सफा र स्वच्छ गाउ" घोषणा गर्ने गरी कार्यक्रमहरु संचालनलाइ निरन्तरता गरिनेछ ।

१४०. ज्वालामूखी गाउँपालिकाको ग्रामीण खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन बोर्डको संस्थागत विकास गरी गाउँपालिका भित्र संचालन हुने खानेपानी, सरसफाइ र स्वच्छता सम्वन्धी योजना संचालन, मर्मत सम्भार, अनुगमन तथा सर्वेक्षण लगायत खानेपानी र सरसफाइसंग सम्वन्धित सम्पूर्ण सेवाहरु खानेपानी बोर्ड मार्फत एकद्धार प्रणालीमा संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१४१. हाल संचालनमा आएका खानेपानी आयोजनाहरुको नियमित अनुगमन गरी  मर्मत सम्भारको सुनिश्चितता संचालन र व्यवस्थापनमा आवश्यकता अनुसार नविनतम तथा उपयुक्त प्रविधियुक्त प्रकृया र अभ्यासहरुको प्रयोगलाइ प्रोत्साहन गर्दै खानेपानी र सरसफाइको सर्वसुलभता र सहजता कायम राखी गुणात्मक सेवा प्रदान गरिनेछ ।

१४२. खानेपानीको गुणस्तर सुधार कार्यलाई प्राथमिकताका साथ अगाडी वढाइ गाउँपालिकामा खानेपानी परिक्षण ल्याव संचालन भएकाले गाउँपालिका भित्रका खानेपानीको परिक्षण वर्षमा कम्तिमा २ देखि ३ पटक अनिवार्य गर्ने व्यवस्था मिलाइनेछ ।

१४३. गाउँपालिकाक्षेत्र भित्र संचालन भएका खानेपानी मुहानहरुको संरक्षण, विकास र समुचित प्रयोग मार्फत आयोजनाहरुको संचालन, मर्मत ,सम्भार र व्यवस्थापनको लागि खानेपानी बोर्डमा हस्तान्तरण गराइ संरचनाको दिगोपनाको व्यवस्था गरिनेछ ।

१४४. गाउँपालिकाक्षेत्र भित्र संचालनमा आइ बोर्डमा हस्तान्तरण भएका विद्युतीय लिफ्ट खानेपानी आयोजना तथा डिप वोरिङ लाइ खानेपानीको विद्युत् महशुलमा पूर्ण रुपमा अनुदानको व्यवस्था मिलाइनेछ ।

१४५. फोहोरको व्यवस्थापनलाइ प्रोत्साहन र प्रवर्द्धन गर्न फोहोरको वर्गीकरण, संकलन र विसर्जन कार्यका लागि कम प्रयोग गर्ने र पूनः प्रयोग गर्ने अभ्यासलाइ विशेष योजना बनाई कार्यान्वयन गरिनेछ । साथै गाउँपालिका भित्र संचालन भएका होटल, रेष्टेरेन्ट, विवाह र अन्य प्रकारका महोत्सव एवम् समारोहहरुमा प्लाष्टिक जन्य वस्तुहरुको प्रयोग निषेध गरी पालिका भित्रै उत्पादन भएका दुना टपरी लगायत वातावरण मैत्री सामाग्री प्रयोगको लागि प्रोत्साहन गरिनेछ ।

१४६. गााउँपालिका भित्र प्रत्येक वडामा कम्तिमा एउटा टोल छनौट गरी **"नमुना सफा गाउँ"** बनाउन प्रोत्साहन गरिनेछ ।

१४७. सवै खानेपानी तथा सरसफाइ योजनाहरुलाइ डिजिटलाइजेशन गर्नको लागि एन वास सफ्टवेयर र वास प्लानमा भएका डाटाहरुलाइ अपडेट गर्दै लगिनेछ ।

१४८. वैकल्पिक उपायहरुको खोजी गरी उपयुक्त र आवश्यकता अनुसार वहुस्रोत (Multiple Source) र वहुप्रविधि (Multiple Method) योजनाहरु जस्तैः पानी रिजार्जको लागि पोखरी, ताल निर्माण गरी वर्षातको पानी संकलन र सौर्य पम्पको प्रयोगको सेवा विस्तार गरिनेछ । यस आ.व. मा प्रत्येक वडामा कम्तिमा एउटा रिचार्ज पोखरी निर्माणको लागि आवश्यक तयारी गरिनेछ ।

१४९. जलवायु अनुकुलन तथा विपत व्यवस्थापनका क्रियाकलापलाई एकिकृत गरी जोखिम न्यूनीकरण तथा रोकथामको लागि विपत् पूर्व तयारी ,

जोखिम आकलन , जोखिम सम्वन्धी सचेतना र विपत प्रतिकार्यको तयारी गरिनेछ ।

१५०. गााउँपालिका क्षेत्र भित्रका मुख्य मुख्य सार्वजनिक स्थल, वजार क्षेत्रमा र संस्थाहरुमा संस्थागत तथा सार्वजनिक शौचालय निर्माण गरी शौचालयको उचित प्रयोग र व्यवस्थापनको जिम्मेवारी टोल विकास संस्थालाई दिइने नीति लिईनेछ ।

१५१. गाउँपालिका क्षेत्र भित्रका संघ संस्था परिसरमा हरियाली पार्क निर्माण र खानेपानीको मुहान संरक्षणका लागि उचित प्रकारको वृक्षारोपण कार्यलाइ योजना सहित कार्यान्वयनको शुरुवात गरिनेछ।

१५२. गाउँपालिका भित्र निर्माण गरिने खानेपानी आयोजनाहरुको संचरनाहरुमा एकरुपता ल्याउन आवश्यक मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१५३. गाउँपालिका भित्र प्रयोगमा आउने सिसाजन्य वोत्तल तथा पुन प्रयोग गर्न नसकिने फोहोर व्यवस्थापनको लागि सम्वन्धित सप्लायर्स तथा कम्पनीहरुसंग समन्वय गरी उचित विर्सनको व्यवस्था मिलाइनेछ ।

<u>संस्कृति तथा सम्पदा नीति</u>

१५४. ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका टोल, बस्ती, मठ, मन्दिर, स्थानीय रितिरिवाज, भाषा, लिपी, कला, संस्कृति, जात्रा, परम्परा जस्ता अमूर्त सम्पदाको संरक्षण तथा सम्बर्धन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१५५. ऐतिहासिक एवम् धार्मिक दृष्टिले महत्वपूर्ण रहेका ढोला मण्डली माई मन्दिर, जलमुखी माई मन्दिर, अनकन्या मन्दिर, खरीकोट, मैदीकोट लगायतका क्षेत्रहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने कार्यहरु भएकाले यसलाई प्रचार प्रसार सहित निरन्तरता दिईनेछ ।

१५६. धादिङ जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिका स्थित बुढीगण्डकी तथा आखुखोलाको दोभानमा अबस्थित धार्मिक तथा पर्यटकीय धरोहर नरसिहंधाम निर्माण तथा व्यवस्थापनका लागि आवश्यक सहयोगमा निरन्तरता दिईनेछ।

१५७. गाउँपालिका क्षेत्रभित्रको संस्कृति तथा सम्पदा संरक्षण गर्नको लागि गाउँपालिका स्तरिय साहित्य, संगित र नृत्य नाटक सम्मेलन गरिनेछ ।

## सामाजिक सुरक्षा र संरक्षण नीति

१५८. नेपाल सरकारले ज्येष्ठ नागरिकलाई उपलब्ध गराएको सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणाली मार्फत् घर–टोल बस्तीमै उपलब्ध गराईने कार्यलाई निरन्तरता दिइनेछ । विभिन्न कार्यक्रमका साथ **"ज्येष्ठ नागरिक सम्मान कार्यक्रम"** संचालन गरिएकाले यसलाई निरन्तरता दिईनेछ ।

१५९. सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीति तर्जुमा गर्ने र सोही नीति अनुरुप बालबालिका पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक मिलन केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना गरी संचालनमा ल्याउन पहल गरिनेछ ।

१६०. सि.टी.ई.भि.टी. तथा व्यवसायी तालिम केन्द्रवाट सीपमूलक तालिम लिएकाहरुलाई सीप विकास प्रमाणिकरण गर्न पहल गरिनेछ ।

## गैरसरकारी संस्था तथा नीति

१६१. ज्वालामुखी गाउँपालिकाको संघ/संस्था सम्वन्धी ऐन निर्माण भईसकेकोले गाउँपालिकामा दर्ता तथा स्वीकृति लिई योजना तथा कार्यक्रम संचालन गर्न गैर सरकारी संघ संस्थासँग आवश्यक समन्वय र सहकार्य गरि एकद्धार नीति मार्फत योजना तथा कार्यक्रम संचालन गरिनेछ । योजना तथा कार्यक्रम गर्दा गराउँदा अनिवार्य रुपमा त्रिपक्षीय सम्झौता गरि कार्यान्वयन गर्ने र कार्यक्रमको अर्धवार्षिक र वार्षिक प्रगती विवरण गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नुपर्ने प्रावधानलाई कडाइकासाथ

कार्यान्वयन गरिनेछ । यसरी कार्यक्रम सञ्चालन नगरेको पाइएमा कार्यक्रम संचालन गर्न रोक लगाइने नीति समेत अवलम्वन गरिएकोले यसलाई निरन्तरता दिईनेछ ।

१६२. गाउँपालिकामा सूचिकृत भई नियमानुसार अनुमती लिएर मात्र गाउँपालिका क्षत्रभित्र काम गर्ने अनिवार्य व्यवस्था मिलाईनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

**अव म पूर्वाधार विकास क्षेत्रका नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

<u>भौतिक पूर्वाधार नीति</u>

१६३. ससाह– अमराई– मैदी– रातमाटे माझिटार– मजुवा सडक, हुलाक भञ्ज्याङ– चैनपुर– बाङ्गेरह, बुङ्कोटघाट सडक, साधभञ्ज्याङ– खरी– बुङकोटघाट सडक कालोपत्रेको काम सुरुवात भैसकेकोले यसलाई आगामी आ.व. मा समेत निरन्तरता दिईनेछ ।

१६४. पाल्पा भञ्ज्याङ देखी साधभञ्ज्याङ सम्मको सडक कालोपत्रे गर्ने कार्य अन्तिम चरणमा पुगेकोले वाँकी साधभञ्ज्याङ देखी– ढोला मैदी पिपलटार सडक कालोपत्रे गर्ने कार्य सुरुवात गर्न थालनी गरिनेछ । साथै गाउँपालिका क्षेत्रभित्रका शाखा सडकहरु बाह्रै महिना सवारी साधन आवतजावत गर्न सक्ने गरी स्तरोन्नती गरिनेछ ।

१६५. गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि निःशुल्क जग्गा व्यवस्थापन भैसकेकाले मापदण्ड बमोजिम भवन निर्माणको लागि आवश्यक प्रकृया अगाडी बढाईनेछ ।

१६६. गाउँपालिकाको योजना तथा कार्यक्रम छनौट गर्दा टुक्रे योजनालाई न्यूनिकरण गर्दै ठुला र महत्वपूर्ण योजना छनौट गर्ने नीति लिईनेछ ।गाउँपालिका अन्तर्गत वडा कार्यालयहरुमा छनौट गरिने योजना तथा

कार्यक्रमहरु वडा कार्यालयकै नमुनायोग्य र उत्कृष्ट ५ वर्षे योजना छनौट गरिने नीति लिईनेछ । साथै वार्षिक योजना तथा कार्यक्रम छनौट गर्दा रु. २ लाख भन्दा वढीको योजना तथा कार्यक्रम  मात्र छनौट गर्ने नीति लिईनेछ ।

१६७. वडा कार्यालयवाट विनियोजन भएको रु. ५ लाख सम्मको योजना तथा कार्यक्रम वडा वाट नै सम्झौता गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१६८. गाउँपालिका क्षेत्रभित्रका सरकारी, सार्वजनिक तथा पर्ति जग्गाको अतिक्रमण रोकी जग्गा वर्गिकरण, संरक्षण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । यस्ता सार्वजनिक जग्गाहरुलाई बालमैत्री उद्यान, योगपार्क तथा ज्येष्ठ नागरिक मैत्री पार्कहरु र खुला पोखरी निर्माण, चौतारो निर्माण जस्ता क्षेत्रहरुको रुपमा विकास गरिनेछ ।

१६९. प्रस्तावित वुढीगण्डकी जलविद्युत परियोजना निर्माणको लागि आवश्यक पहल गरिनेछ । परियोजनावाट विस्थापित घरधुरी र समुदायलाई उचित स्थानमा एकीकृत वस्तीको व्यवस्था मिलाउन आवश्यक पहल गरिने छ । साथै पुनःस्थापना, पुनर्वास र पुनर्लाभको लागि सम्वन्धित सरोकारवाला पक्षसँग आवश्यक पहल गरिनेछ ।

१७०. सडकहरुको नियमित मर्मत सम्भार गरी यातायात नियमित रुपमा सुचारु गर्न मर्मत सम्भार कोष स्थापना भै कोष परिचालनका लागि **मर्मत सम्भार कोष परिचालन निर्देशिका** तयार भएकोले निरन्तर रुपमा कार्यान्वयन गरिनेछ ।

१७१. गाउँपालिका क्षेत्र भित्रका सडकहरु व्यवस्थित गर्न ग्रामीण यातायात गुरुयोजना (Rural Transport Master  Plan-RTMP) तयारी भैसकेकोले गाउँपालिकाले निर्माण गरेका र आगामी दिनमा निर्माण गर्ने सडकहरुको वर्गीकरण गरी कालोपत्रे, सडक ग्राभेल र कच्ची सडकहरुको नामाकरण गर्न

सुरु गरिएकाले उक्त सडकहरुमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग आवश्यक समन्वय र सहकार्य गर्दै विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गरी व्यवस्थित गरिनेछ।

१७२. गाउँपालिका क्षेत्र भित्र यस अघि सडकको क्षेत्राधिकारको अवलम्वन तथा साँध सिमाना लगायत कुनै पनि विषयमा विवाद एवम् किचलो नभइ निर्माण सम्पन्न भइसकेका घर भवनको नियमानुसार शुल्क लिई निर्माण अभिलेखिकरण गरिनेछ र यस पछि निर्माण हुने घर, भवनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नियमानुसारको प्रक्रिया पूरा गरी घर, भवन निर्माण गर्नु पूर्व नै अनिवार्य रुपमा नक्सा पास गर्नु पर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१७३. गाउँपालिका क्षेत्र भित्र निर्माण हुने भौतिक पूवाधारतर्फ प्रयोग हुने भारी उपकरण (डोजर, जे.सि.वी., रोलर, एक्साभेटर) गाउँपालिकामा नियमानुसार सूचिकृत भएका उपकरण मात्र प्रयोग गर्न दिइने र तोकिएको समय भन्दा पछि सूचिकृतलाई काम गर्न तोकिएको दस्तुरको दोब्बर शुल्क लिने नीति लिईनेछ ।

१७४. गाउँपालिका क्षेत्रभित्र निर्माण गरिने भौतिक पुर्वाधार सडक, ढल, पेटी, खानेपानी, विद्युत, टेलिफोन आदिको गुणस्तरियता कायम गर्न, बिभिन्न निकायहरु बिच समन्वय गरी व्यवस्थित रुपमा निर्माण कार्य सन्चालन गरि एकरुपता कायम गर्न “पूर्वाधार विकास ऐन” जारी गरिनेछ ।

१७५. उपभोक्ता समितिका कुनै पनि पदाधिकारी एउटा योजना सम्पन्न भई फरफारक नभएसम्म अर्को योजनाको उपभोक्ता समितिको कुनै पनि पदमा बसेर काम गर्न नपाउने नीतिलाई कडाइका साथ लागू गरिनेछ ।

१७६. गाउँपालिकाको सबै वडा र वस्तीमा विस्तारित विद्युत प्रवाहको कार्यलाई थप व्यवस्थित गर्न सबै काठे पोलको विस्थापन र फलामे पोल

प्रतिस्थापन गर्ने व्यवस्था गरिएकोले आवश्यक स्थानमा थप ट्रान्समिटरको समेत व्यवस्था मिलाईनेछ ।

१७७. सडक निर्माण गर्दा खानेपानी, सिंचाइ तथा अन्य पूर्वाधारहरुमा क्षति पुऱ्याएको अवस्थामा सोही योजना संचालन गर्ने निकायबाटै पुनः निर्माण गर्नु पर्नेछ । सडक निर्माण गर्दा विद्युत पोल तथा तारलाई असर पर्ने भएमा सम्बन्धित कार्यालयसंग समन्वय र सहमति गरेर मात्र निर्माण कार्यलाई अगाडि वढाइनेछ ।

१७८. भारी उपकरण प्रयोग गरि सडक निर्माण गर्दा वन क्षेत्रले प्रभावि हुने भएमा डिभिजन वन कार्यालय सँगको समन्वय तथा पूर्व अनुमती लिएर मात्र निर्माण कार्य गरिनेछ ।

१७९. उपभोक्ता समिति मार्फत भइरहेको आयोजना/योजनाको निर्माण कार्य ठेक्का प्रथाद्वारा गराउने गरेको पाइएमा यस्तो कार्यलाई कडाइका साथ अनुगमन गरी यस प्रकारको कार्यलाई पूर्ण निरुत्साहित गरिनेछ । साथै त्यस्ता काम गर्ने उपभोक्ता समितिका पदाधिकारीलाई कालो सुचिमा राखी उ.स.को पदाधिकारीवाट हटाईनेछ ।

१८०. गाउँसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरु आ.व.को बैशाख मसान्तभित्र सम्झौता गरी जेष्ठ १५ गते भित्र कार्य सम्पन्न गरी जेष्ठ मसान्त भित्र सार्वजनिक लेखा परिक्षण गराई जाचँपास र फरफारक गर्ने कार्यलाई अनिवार्य गरिनेछ । जेष्ठ मसान्त पश्चात योजना तथा कार्यक्रमहरुको सम्झौता, संचालन, फरफारक तथा भुक्तानी नगर्ने नीति लिईनेछ ।

## यातायात व्यवस्थापन नीति

१८१. सार्वजनिक यातायातमा ज्येष्ठ नागरिक, महिला, बालबालिका र अपाङ्गता भएका व्यक्तिहरुको पहुँच बढाउन तथा समग्र सवारी साधनको उपयुक्त

व्यवस्थापन गर्न ज्वालामूखी गाउँपालिका सवारी तथा यातायात व्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१८२. गाउँपालिका क्षेत्रभित्र संचालनमा रहेका साना-ठुला सावारी साधनको व्यवस्थापनको लागि आवश्यक कार्यविधि निर्माण गरि आवश्यक व्यवस्थापन गरिनेछ ।

१८३. गाउँपालिकाको क्षेत्राधिकार भित्रका यातायातका साधनलाई करको दायरामा ल्याई नियमन र व्यवस्थापन गर्ने नीति लिईनेछ ।

भवन मापदण्ड नीति

१८४. सुरक्षित भवन निर्माण गर्न गाउँवासीलाई प्रोत्साहित गर्ने उद्देश्यले दुई वा दुईभन्दा बढी जग्गाधनीहरुको सहमतिमा एउटै आवासीय भवन निर्माण गर्ने गरी नक्सा पेश गरेमा नक्सापास दस्तुरमा ४० प्रतिशत दस्तुर छुट दिने नीति लिइनेछ ।

१८५. गाउँपालिकाको भवन निर्माण आचार संहिताको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ साथै गाउँपालिका क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा वालवालिका तथा अपांगता, महिला मैत्री बनाउन अनिवार्यता गरिनेछ ।

१८६. गाउँपालिकाको पहिचानको लागि गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवनहरुको अगाडीको भाग (Front Side) को डिजाईन र कलरमा एकरुपता ल्याउने नीति लिईनेछ ।

गाउँसभाका सदस्य ज्यूहरु,

अव म वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रका नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## वातावरण तथा विपद् व्यवस्थापन नीति

१८७. गाउँपालिकाका क्षेत्रभित्रको अति जोखिम क्षत्रको पहिचान भएका क्षेत्रमा विपद् तथा जोखिम बारे पूर्व जानकारी प्रदान गर्ने प्रणाली स्थापनाको लागि आवश्यक पहल गरिनेछ ।

१८८. गाउँपालिकाको आर्थिक विकासको मेरुदण्ड कृषि क्षेत्रवाट उत्पादन हुने कृषि उपज वन्यजन्तु तथा वाँदरवाट क्षेतिहुने भएकाले त्यस्ता वन्यजन्तु तथा वाँदर नियन्त्रणको लागि गाउँपालिका क्षेत्रभित्रका जंगल भित्र वन्यजन्तु तथा वादरलाई मनपर्ने विभिन्न किसिमका फलफुलको विरुवा वृक्षारोपण गरी कृषि उत्पादित क्षेत्रमा बन्यजन्तुवाट हुने क्षेतिमा कमि ल्याउने नीति लिईनेछ।

१८९. गाउँपालिका क्षेत्रभित्रका नदी तथा खोलाहरुमा विषादी हाल्ने, करेन्ट लगाउने जस्ता कार्य गर्न पूर्णतय रोक लगाइनेछ । यदि यसो गरेको प्रमाणित भएमा गाउँपालिकाको आर्थिक ऐन अनुसार जरिवाना गरिनेछ ।

१९०. विपद् व्यवस्थापनको लागि प्रत्येक वडामा Rapid Response Team (RRT) को व्यवस्था मिलाई टिमलाई स्वयम् सेवकको रुपमा परिचालन गर्नको लागि तालिम संचालन गरिएकाले तालिम प्राप्त स्वयम् सेवकहरुलाई परिचालन गर्दै थप पुनर्ताजकी तालिमको आयोजना गरिनेछ।

१९१. गाउँपालिका क्षेत्रभित्रका ढुङ्गा, गिट्टी, बालुवा तथा प्राकृतिक बस्तुको दुरुपयोग नियन्त्रण गरि आवश्यक व्यवस्थापन गर्ने नीति लिईनेछ ।

## फोहोरमैला व्यवस्थापन नीति

१९२. फोहोरमैला संकलन तथा व्यवस्थापन कार्यलाई दिगो तुल्याउन ज्वालामूखी ग्रामीण खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन बोर्ड र सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुरुप निजी संघ संस्थासंग

समन्वय गरी फोहारमैला व्यवस्थापनको लागि स्थानीय बजारको उपयुक्त स्थानमा फोहोर विसर्जन केन्द्र ल्याण्ड फिल्ड साइड निर्माणको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१९३. फोहोरमैलालाई वर्गीकरण थ्री आरको अवधारणा (Reduce,Reuse and Recycle) अनुरुप घरपरिवार तहबाट नै व्यवस्थापन गर्न उत्प्रेरित गर्ने कार्यलाई अभियानका रुपमा ल्याइनेछ ।

<u>प्रदुषण नियन्त्रण नीति</u>

१९४. गाउँपालिका क्षेत्रभित्र प्लाष्टिक जन्य झोला, पिलेट, ग्लास, चम्चा आदी को प्रयोग क्रमश कम गर्दै गाउँपालिका क्षेत्रभित्र उत्पादित दुना, टपरी र कपडाको झोलाको लगायत वातावरण मैत्री सामाग्रीको प्रयोगमा जोड दिदै स्थानीय उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

१९५. प्रयोग भैसकेको पानीलाई अनिवार्य रुपमा करेसाबारीमा प्रयोग गर्नुपर्ने नियम ल्याइनेछ भने घरभित्र हुने धुँवा प्रदुषण मुक्त गर्न र विद्युतको अधिकतम उपयोग गर्नका लागि ईन्डकस्न चुलोको प्रयोगलाई प्राथमिकताका साथ पहल गरिनेछ।

१९६. गाउँपालिकाका मुख्य बजार क्षेत्रलाई हर्न निषेधित क्षेत्रका रुपमा घोषणाका लागि नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

<u>वन, वातावरण तथा हरियाली प्रबर्द्धन नीति</u>

१९७. वातावरणमैत्री स्थानीय शासनका सूचकहरुलाई अबलम्बन गरी वातावरण बचाउ अभियान सञ्चालन गर्नुका साथै वातावरणमैत्री गाउँ बनाउन आवश्यक पर्ने स्रोत साधन तथा प्राविधिक सहयोगलाई विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायसँग सहकार्य तथा साझेदारीमा विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१९८. प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरु वृक्षारोपण, सुधारिएको चुलो तथा वायोग्याँस निर्माण, ईन्डक्सन चुलो लगायत कार्वन उत्सर्जन न्यूनिकरण गर्न नविनतम कार्यक्रमहरु संचालन गरिनेछ ।

१९९. गाउँपालिका भित्रको निश्चित क्षेत्रलाई नमुना वृक्षारोपण क्षेत्र घोषणा गरी सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा वृक्षारोपण मार्फत वातावरण संरक्षण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

२००. गाउँपालिका क्षेत्रभित्रका रहेका बर र पिपलका चौतारीहरु संरक्षण तथा सम्वर्द्धन गर्ने साथै वर, पिपल सहितको नयाँ चौतारो निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

२०१. गाउँपालिका क्षेत्रभित्रका वन जंगलमा डढेलो लगाउने कार्यलाइ पूर्णत रोक लगाइने छ साथै डढेलो र यसवाट हुने क्षती सम्वन्धि अभिमुखीकरण तथा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

२०२. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक तथा नीजि वनको नियमन, निरीक्षण, अनुगमन, व्यवस्थापन र प्रवर्द्धनको लागि आवश्यक स्थानीय वन ऐन, २०८० तयार भैसकेकाले यसको कार्यान्वयनमा जोड दिईनेछ ।

<u>जलवायु परिवर्तन अनुकूल नीति</u>

२०३. नेपालमा जलवायु परिवर्तन तीव्र रूपमा भएको र यसका बहुआयामिक असर र जोखिमहरू देखापरेका छन् । जलवायु परिवर्तनले पर्यावरणमा र समग्र नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा नकारात्मक असरहरू पारेको छ। आर्थिक, सामाजिक क्षेत्रमा हुने गिरावट र बढ्दो स्वास्थ्य समस्याका कारण भविष्यमा मानवीय सङ्कट र जीवनको जोखिम अझ बढ्ने देखिएको छ। समयमै गरिने जोखिम न्यूनिकरण र अनुकूलनका प्रयासले

जलवायुजन्य हानी तथा नोक्सानीलाई कम गरी समुदायको अनुकूलन क्षमता र जलवायु उत्थानशील विकासलाई प्रवर्द्धन गर्न मद्दत गरि जलवायु परिवर्तन अनुकुलन खेती प्रणाली र जीवनशैली सम्वन्धी कार्यक्रम गरिनेछ।

२०४. ज्वालामूखी गाउँपालिकालाई खानेपानी, सरसफाइ र वातावरण संरक्षणको क्षेत्रमा अगुवा एवम् नमुना गाउँपालिकाको रुपमा स्थापित गरिनेछ ।सार्वजनिक जग्गामा वृक्षारोपण गर्ने नीति लिइ वातावरण संरक्षण तथा गाउँपालिकाक्षेत्रभित्रका खोला तथा पानीका मुहान, ताल, पोखरी, कुवा, धारा आदिको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

२०५. गाउँपालिका क्षेत्र भित्रका सम्पूर्ण पानीको स्रोतको सर्भे एवम् संरक्षण गर्ने नीति लिइ आवश्यक सूचना संकलन गरिनेछ । साथै भू– क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरुसंगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ ।

२०६. विकास योजना संचालन गर्दा साना योजनाहरुमा कानुन बमोजिम प्रारम्भिक वातावरणीय मूल्यांकन IEE र ठूला योजनाहरुमा वातावरणीय प्रभाव मूल्यांकन EIA गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ ।

२०७. भू– क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरुसंगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

**अव म संस्थागत विकास, सुशासन तथा मानव संशाधन क्षेत्रका नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

२०८. गाउँपालिकाको संगठन संरचना आवश्यकता निर्माण अन्तिम चरणमा पुगेकोले सोही बमोजिम सवै तहका कर्मचारीहरुको कार्यविवरण बनाई लागू गरिनेछ। कर्मचारीको कामको मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई

प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित र सुशासनयुक्त बनाउन सेवाको मापदण्ड (SOP) संशोधन गरि कार्यान्वयन गरिनेछ।

२०९. गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई स्वच्छ, निश्पक्ष, पारदर्शी, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाई महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग **कार्यसम्पादन करार सम्झौता** गरी नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्वन गरिनेछ ।

२१०. सार्वजनिक निकायवाट जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन गाउँपालिकामा कार्यरत जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गर्न **क्षमता विकास कार्ययोजना-०८१/८२-०८३/८४ निर्माण** गरि सोही कार्ययोजना अनुरुप आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण लगायतका कार्यक्रम कार्यान्वयन गर्ने नीति लिईनेछ ।

२११. गाउँपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत गरिने योजना तथा कार्यक्रम लगायतका कार्यलाई प्रभावकारी, पारदर्शी, चुस्त सहज बानाउनका लागि **उपभोक्ता समिति तथा टोल विकास संस्थाका पदाधिकारीलाई** योजना तथा कार्यक्रम प्रारम्भ गर्नुपूर्व अनिवार्य रुपमा अभिमुखिकरण तालिम प्रदान कार्यक्रम गरिनेछ ।

२१२. गाउँपालिकावाट प्रवाह हुने सबै प्रकारका सेवा प्रवाहलाई थप प्रभावकारी, सरल र सहज तरिकाले नागरिकको घरदैलोमा सेवा पुर्याउनका लागि प्रत्येक वडामा **एकीकृत घुम्ती सेवा शिविर** कार्यक्रम संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२१३. गाउँपालिका, विषयगत शाखा र वडा कार्यालयमा कार्यरत सबै करार सेवाका कर्मचारीको खाइपाइ आएको **तलवको ५ प्रतिशत कट्टी** गरि सोही

बराबर हुने रकम गाउँपालिका कार्यालयबाट थप गर्ने पद्धतिको थालनी भइसकेको हुँदा आगामी वर्ष पनि निरन्तरता दिइनेछ।

२१४. गाउँपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, पहुँचयोग्य, सक्षम एवम् विश्वसनीय बनाईनेछ। सबै वडा कार्यालयमा मेलमिलाप केन्द्र स्थापना भईसकेकोले विभिन्न विवादहरु वडास्तरमै निरुपण गर्ने कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। वडा-वडामा मेलमिलाप केन्द्र स्थापना तथा संचालन भैसकेकोमा यसलाइ थप सक्षम बनाउँदै व्यवस्थापन गरि निरन्तरता दिइनेछ ।

२१५. गाउँपालिकाको कर्मचारी संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण (**O&M**) बमोजिम कर्मचारी व्यवस्थापन गरि कार्यालयको सेवाप्रवाह लगायत कार्यसम्पादनलाई व्यवस्थित र सुशासनयुक्त बनाइनेछ।

२१६. न्यायिक समितिको काम कारवाहीलाई सूचना प्रविधिसँग आबद्ध गरी विवादको दर्ता, मेलमिलाप, सुनुवाई तथा निर्णय कार्यान्वयनलाई व्यवस्थित गरिनेछ ।

२१७. गाउँपालिका क्षेत्र भित्र निश्चित शैक्षिक योग्यता पुगेका युवाहरुका लागि लोक सेवा आयोग तथा शिक्षक अध्यापन अनुमति पत्र तयारी कक्षाको व्यवस्था गरि गाउँपालिकाभित्रका युवाहरुको रोजगारीका लागि क्षमता विकास गर्ने नीति लिइनेछ।

२१८. गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारी तथा कार्यालयको सूचक तयार गरि सो को आधारमा सेवाप्रवाह लगायत समग्र पक्षको सुशासन र संस्थागत क्षमताको अवस्थाको आधारमा पुरस्कृत गर्ने नीति ल्याइनेछ।

२१९. गाउँपालिकालाई आर्थिक प्रशासन लगायत सुशासनलाई सबल बनाउनका लागि **आर्थिक प्रशासन तथा बेरुजु फछ्यौंट** सम्बन्धी अभिमुखीकण कार्यक्रम सञ्चालन गरिनेछ।

२२०. कर्मचारीको व्यक्तिगत विवरणको प्रविधिमैत्री संरक्षण र अद्यावधिकताको लागि **HRM PIS update** गर्ने व्यवस्था मिलाइनेछ।

२२१. सार्वजनिक सेवा प्रदायक कर्मचारी तथा जनप्रतिनिधिहरुको तनाव व्यवस्थापन गरि सकारात्मक सोचको विकासको माध्यमबाट सुशासन प्रबर्द्धन गरि मुस्कानसहितको सेवालाई प्रवर्द्धन गर्ने नीति लिईनेछ ।

२२२. नमूना गाउँपालिकाको अध्ययन अवलोकन गरि **असल अभ्यास आदानप्रदान कार्यक्रम** सञ्चालन गरिनेछ।

२२३. कार्यालयको सेवाप्रवाह लगायत समग्र पक्षलाई नियमित सुशासनयुक्त र गुनासोरहित बनाउनका लागि नियमिति रुपमा कार्यालयको नियमित **अनुगमन प्रतिवेदन** गर्नका लागि आन्तरिक नियन्त्रण प्रणाली पूर्ण रुपमा कार्यान्वयन गरिनेछ।

<u>सूचना तथा संचार नीति</u>

२२४. गाउँपालिका र मातहतका सबै वडा कार्यालयमा सोलार र इन्टरनेट जडान गरी गा.पा.का सम्पूर्ण वडालाई प्रविधिमैत्री वडा वनाई सकिएको छ। यसलाई आवश्यकता अनुसार सुधार र परिस्कृत गर्नको लागि Internet सेवालाई पूर्ण रुपमा निरन्तरता दिन Internet को Speed वृद्धि गर्न थप ISP सँग समन्वय गरिनेछ।

२२५. गाउँपालिका, विषयगत शाखा र वडा कार्यालयमा डिजिटल नागरिक वडापत्रको व्यवस्थापन गरिनेछ।

२२६. गाउँपालिकालाई सूचना प्रविधिमैत्री गाउँपालिका बनाउन एकीकृत विद्युतीय सुशासन प्रणाली स्मार्ट मोबाईल एप्स तथा ई-सिफारिस प्रणाली लागु गर्न आवश्यक पहल गरिनेछ ।

२२७. गाउँपालिका, विषयगत शाखा, वडा कार्यालय र स्वास्थ्य चौकीहरुमा भएका E-attendance को स्तरोन्नती गरि कर्मचारी प्रशासनलाई अनुशासित र मर्यादित बनाई एकिकृत हाजिरि अनुगमन प्रणालीको विकास गरिनेछ ।

२२८. न्याय सम्पादनलाई चुस्त, दुरुस्त, पारदर्शि र नियमित बनाउन अनलाईन न्याय सम्पादन प्रणाली जडान गरिनेछ ।

२२९. कृषि उपज वजारिकरणको लागि कृषकले उत्पादन गरेको वस्तु वजारसम्म पुग्ने गरि कृषक र वजार बिच पुलको काम गर्न अनलाईन कृषि उपच माग आपूर्ति प्रणाली लागु गरिनेछ ।

२३०. गाउँपालिका क्षेत्रभित्र विनियोजन भएका योजना तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको विश्लेषण गर्ने र व्यवस्थित अनुगमन गर्ने पद्धतीको विकास गर्न अनलाईन योजना प्रोफाईल, अनुगमन तथा मुल्याङ्कन प्रणाली लागु गरिनेछ ।

२३१. गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा इन्टरनेट जडान गरि CC-Camera, E-attendance, School Management System, School Website को व्वस्थापन गरि सूचना प्रविधि मैत्री सामुदायिक विद्यालय बनाईनेछ।

२३२. गाउँपालिकाको दोस्रो आवधिक योजना निर्माण, मध्यमकालिन खर्च संरचना Medium Term Expenditure Framework (MTEF) निर्माण, राजस्व सुधार कार्ययोजना निर्माण कार्य अन्तिम चरणमा रहेकोले यसलाई पूर्णता दिई आगामी आ.व. देखी गाउँपालिकाको वार्षिक विकास योजनासंग Tie-Up गरिने छ ।

## राजस्व परिचालन तथा वित्तिय व्यवस्थापन नीति

२३३. नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको २२ वटा एकल अधिकार क्षेत्र भित्र रही श्रोत परिचालनलाई समतामुलक, प्रगतिशील र न्यायपूर्ण पद्धती अपनाई कर तथा राजस्व निर्धारण गरिने छ। सबै सरोकारवाला करदाताहरुको सहभागितामा राजश्वको दायरा विस्तार गरी कुल वजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाइदै लगिने छ ।

२३४. गाउँपालिकाको राजश्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार भैरहेकोले अन्तिम प्रतिवेदन पश्चात राजस्वका क्षेत्रहरुको पहिचान गरी राजस्व अभिवृद्धि गर्न आवश्यक पहल गरिनेछ । साथै राजश्वका दर तथा क्षेत्र निर्धारण गर्दा उक्त कार्ययोजनाले निर्देशित गरे अनुरुप स्थानीय राजस्व परामर्श समितिको सिफारिसको आधारमा करका दायराहरु निर्धारण गरिनेछ ।

२३५. राजस्व सम्बन्धी संभाव्यता अध्ययन कार्यलाई प्राथमिकताका साथ अगाडी बढाउँदै कर प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाइनेछ । साथै सम्पत्ति करलाई व्यवहारिक, वैज्ञानिक र न्यायोचित वनाईने छ ।

२३६. गाउँपालिकाले संकलन गर्ने कर, सेवा शुल्क तथा जरिवाना बैंकिंग प्रणालीबाट मात्र लिने नीति अवलम्बन गरिनेछ ।

## विधेयक एवम् ऐन नियम

२३७. नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई दिएको अधिकारको पूर्ण उपयोग तथा परिपालना गर्न कार्यपालिका र गाउँ सभाबाट आवश्यक १४२ वटा ऐन, नियम बनाई कार्यान्वयनमा ल्याई सकिएको छ । थप ऐन, नियम, निर्देशिका र कार्यविधि आवश्यकता अनुसार तर्जुमा एवम् अनुमोदन गरी कार्यान्वयनमा ल्याईने छ ।

२३८. गाउँपालिका तथा वडा तहबाट सम्पादन हुने कार्यलाई वैधता दिनका लागि विधायन समिति समेतको सिफारिसमा आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड र दिग्दर्शनलाई स्थानीय राजपत्रमा तत्काल प्रकाशन गरिने परिपाटीलाई निरन्तरता दिईनेछ ।

२३९. गाउँकार्यपालिकाको लागि आवश्यक थप ऐन, नियम निर्माण गर्नको लागि विषय विज्ञ समेतको परामर्श चाहिने हुँदा यसको लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

२४०. गाउँपालिकामा बनेको ऐन नियम लगायत कानुनको आवश्यक संशोधन र परिमार्जन सम्वन्धी कर्मचारी तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

**गाउँसभा सदस्य ज्यूहरु**

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा राय, सुझाव र सहयोग प्रदान गर्नु हुने राजनीतिक दल, संघ र प्रदेशका माननीय ज्यूहरु, विषयगत विषय विज्ञहरु, गाउँपालिकाका कर्मचारीहरु, प्रधानाध्यापकहरु, गैर सरकारी संघ संस्था, महिला संजाल, दलित समुदाय, अपांग भएका नागरिकहरु, बुद्धिजिवी, सहकारी, निजी क्षेत्र, , किसान, विद्यार्थी भाई बहिनी, श्रमिक वर्ग, व्यवसायी, नागरिक समाज, संचारकर्मी र सम्पूर्ण गाउँपालिकाका आमा, बुवा, दिदि, बहिनी तथा दाजु, भाई प्रति हार्दिक आभार व्यक्त गर्दै नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सबै पक्षवाट सहयोग हुने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद ।

जय ज्वालामूखी !!!

यामनाथ दनै

अध्यक्ष

ज्वालामूखी गाउँपालिका